महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०

च.नं. १५९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

कैफियत सहितको राय

हामीले धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.९ करोड ७६ लाख ५७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६४ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ करोड २८ लाख २५ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ३ लाख ९५ हजार र पेस्की रू.७९ लाख ९४ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रू.१२ करोड ८३ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.२२ करोड ५९ लाख ७८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४.	आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

धुलिखेल नगरपालिका, काभ्रपलाञ्चोक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५७	११७	९७६५७	०	०	०	५७	११७	९७६५७	६४४३	३०३९५	५२८२५	०	०	८३२२०	७९९४

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं.	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
१२८३२१	०	०	१२८३२१	०	९७६५७	२२५९७८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुरेन्द्र थापा मगर	२०७९-५-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	धन बहादुर वस्नेत	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	९७,६५६,५०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१४,०३,९४,०७६.३७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७०,१३,०२,९५९.८८	**चालु खर्च**	५८,९३,०२,३३९.४३
प्रदेश सरकारबाट अनुदान	८,५४,९०,९३४	**पूँजीगत खर्च**	४८,५३,८६,३५५.७६
राजश्व बाँडफाँट	२४,६०,०८,५०७.८७	**वित्तीय/अन्य व्यवस्था**	४,२८,१३,१०९.९८
आन्तरिक आय	६,०६,१७,०७९.८		
अन्य आय	४,४३,३३,०७७		
कुल आय	१,१३,७७,५२,५५८.५५	**कुल खर्च**	१,११,७५,०१,८०५.१७
बाँकी मौज्दात		१६,०६,४४,८२९.७५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । नेपालको बागमती प्रदेशको काभ्रेपलान्चोक जिल्ला अर्न्तगतको यस नगरपालिकामा १२ वडा, ६२ सभा सदस्य, ५५ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ को जनगणना अनुसार ३२१६२ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणः** लेखापरीक्षणका लागि पेश भएका आर्थिककारोवारसँग सम्बन्धित विबरणहरु, नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली (व्यबस्थापन तथासंचालन) निर्देशिका, २०७८, स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमानमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसँग छलफलगरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारीलेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायत सम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असुल** लेखापरीक्षणको क्रममा औंल्याइएको बेरुजु रु.१४३५८।- असुल भई दाखिला भएको छ ।	
४			**स्थानीय सञ्चित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

प्राप्ती भुक्तानी हिसाब

विवरण	यस वर्ष रु.			
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	९७२०६०८१४.७४	८९३५३८९२७.५५		८९३५३८९२७.५५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	८६२४३५२७६.००	८६२२५७५०८.५५	०.००	८६२२५७५०८.५५
११००० कर	२१३०२१९१६.००	२६८९२६२८०.०४	०.००	२६८९२६२८०.०४
१३००० अनुदान	६०९८४८३६०.००	५५५५४३४२०.८८	०.००	५५५५४३४२०.८८
संघीय सरकार	५१७४२१३६०.००	४७५८५८५२६.८८	०.००	४७५८५८५२६.८८
प्रदेश सरकार	६७४२७०००.००	६६७२१७३६.००	०.००	६६७२१७३६.००
जनसहभागिता	२५००००००.००	१२९६३१५८.००	०.००	१२९६३१५८.००
१४००० अन्य राजस्व	३९०६५०००.००	३७६९९३०७.६३	०.००	३७६९९३०७.६३
१५००० विविध प्राप्ति	५०००००.००	८८५००.००	०.००	८८५००.००
ख. अन्य प्राप्ति	१०९६२५५३८.७४	३१२८१४१९.००		३१२८१४१९.००
वितरण गर्न बाकी राजस्व	०.००	०.००	०.००	०.००
कोषहरु	१०९६२५५३८.७४	२००००००० .००	०.००	२००००००० .००
धरौटी	०.००	११२८१४१९.००	०.००	११२८१४१९.००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)	११४२०१९८१४.७४	८७३२८८१७४.१७		८७३२८८१७४.१७
ग. भुक्तानी (सञ्चित कोषबाट)	१०३२३९४२७६.००	८३१९७५०६३.४४		८३१९७५०६३.४४
२१००० पारिश्रमिक / सुविधा	३०३९९३०००.००	२८७८६५८१४.८१	०.००	२८७८६५८१४.८१
२२००० मालसामान तथा सेवाको उपयोग	२०५०५८०००.००	१६१८८७१९८.४०	०.००	१६१८८७१९८.४०
२४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन	५०००००.००	५०००००.००	०.००	५०००००.००
२५००० सहायता (Subsidy)	१०००००.००	८३०००.००	०.००	८३०००.००
२६००० अनुदान	७०००००.००	६४५९७३.२२	०.००	६४५९७३.२२
२७००० सामाजिक सुरक्षा	७४००००० .००	४०४८८४५.००	०.००	४०४८८४५.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२८००० अन्य खर्च	१८५०५४३.००	१४०६२७२.००	०.००	१४०६२७२.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	५११२९२७३३.००	३७४०३७९६०.७६	०.००	३७४०३७९६०.७६
३२००० वित्तीय सम्पत्ति	१५०००००.००	१४९९९९९.२५	०.००	१४९९९९९.२५
घ. अन्य भूक्तानी	१०९६२५५३८.७४	४१३१३११०.७३		४१३१३११०.७३
कोषहरु	१०९६२५५३८.७४	३७१२७९२९.७३	०.००	३७१२७९२९.७३
धरौटी	०.००	४१८५१८१.००	०.००	४१८५१८१.००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०.००	०.००	०.००	०.००
ङ. यो वर्षको बचत (न्युन)	-१६९९५९०००.००	२०२५०७५३.३८		२०२५०७५३.३८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१४०३९४०७६.३७		१४०३९४०७६.३७
वर्षान्तको बाकी रकम (ङ + च)	-१६९९५९०००.००	१६०६४४८२९.७५		१६०६४४८२९.७५
बैंक तथा नगद बाकी		२११०६१४२६.९८		२११०६१४२६.९८

पालिकाले पेश गरेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA)बमोजिमको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) मा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन्

ब. उ. शि. नं.	बजेट	खर्च
३१४०१०१२३	१२६९८७०४८	१२६९७३२३६
३७०००११६४	९८९१३०००	९८४७११९७
३५०००११८३	२९४६०००	२९४६०००
३३७०००११४	७००००००	६७७७१३३
३५०००११८४	६१७३०००	६१०००६५
३५०००११८३	२९४६०००	२९४६०००

५

वित्तीय विवरण विश्लेषण

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरिक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरे तापनि सबै आर्थिक कारोवारलाई समेट्न सकेको छैन। त्यस्तै संघ तथा प्रदेशलाई फिर्ता गर्नुपर्ने खर्च हुन नसकेको समपूरक तथा विशेष अनुदानको रकम बजेट खर्च जनाई नगरपालिकाको आन्तरिक खातामा राखेको छ । जसकारण वित्तीय विवरणले पालिकाको यथार्थ आय व्ययको चित्रण गरेको छैन । • नगरपालिकाको वित्तीय विवरण (२७२ नं.) को प्राप्ति भुक्तानी हिसावमा बर्षान्तको बाँकी रकम रु.१६,०६,४४,८२९।- रहेको देखिएकोमा उक्त वित्तीय विवरणको अनुसूची २४ बमोजिम बैंक तथा नगद बाँकी रु.२१,१०,६१,४२६।- देखिएको छ । बर्षान्तको बाँकी रकम र बैंक तथा नगद बाँकीमा फरक परेको रकम रु.५०४१६५९७।- सम्बन्धमा नगरपालिकाले यकिन गर्नुपर्दछ । • पालिकाले अन्तरसरकारी अख्तियारीलाई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा आवद्ध गरेको छैन । अन्तरसरकारी अख्तियारीलाई समेत सुत्र प्रणालीमा आवद्ध गर्नुपर्दछ ।	
६			**अनुदान फिर्ता नभएकोः**	
६.१			विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा शशर्त, समपुरक तथा विशेष अनुदानको रकम सोही आर्थिक वर्ष खर्च नभए वचत रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र फिर्ता गर्नुपर्ने र नगरे आगामी वर्षमा हस्तान्तरण हुने वित्तीय समानिकरणको रकमवाट कट्टा गर्नुपर्ने उल्लेख छ। पालिकाले खर्च नभई बाँकी रहेको नेपाल सरकार विशेष तथा समपूरक अनुदानतर्फको २ योजनाको रु.४ करोड १४ लाख ६० हजार तथा प्रदेश समपूरक तथा शशर्त अनुदानतर्फको ३ योजनाको रु. १ करोड १२ लाख ९० हजारसमेत रु ५ करोड २७ लाख ५० हजार बजेट खर्च जनाई पालिकाको संचित कोषमा दाखिला गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः • वागमती प्रदेशले जारी गरेको प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि २०७७ को वुँदा नं ८ तथा वागमती प्रदेशको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को वुँदा नं ९ मा जुन आ व को लागि वजेट स्वीकृत भएको हो सोही आ व भित्र सम्पन्न गर्नुपर्ने र तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेमा स्थानीय तहले आफ्नै श्रोतवाट सम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ। पालिकाले खर्च नभइ वाँकी रहेको रकम SuTRAमाखर्च देखाइ पालिकाको स्थानीय कोषमा दाखिला गरेको छ। नियममा भएको व्यवस्थाको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			विपरित हुने गरी वाँकी रहेको रकम पालिकाको कोषमा राख्नु उचित देखिएन। • पालिकाले खर्च नभइ वाँकी रहेको संघीय र प्रदेश समपुरक तथा विशेष अनुदानको रकम SuTRA मा खर्च देखाइ पालिकाको स्थानीय कोषमा दाखिला गरेको छ। खर्च नभएको रकम खर्च देखाएको कारण खर्चको रकममा वृद्दि हुन पुगेको छ। जसले गर्दा पालिकाको वित्तीय विवरणले पुजीगत खर्चको यथार्थ चित्रण गर्दैन। यस सम्वन्धमा देखिएका थप व्यहोरा देहायअनुसार छन्:	
६.२			संघीय समपुरक अनुदान तर्फ धुलिखेल देवीटार सडक निर्माणको रकम खर्च नभएको रु १ करोड ६४ लाख ६० हजार तथा प्रदेशको शशर्त अनुदानवाट संचालित खडपु चौकोट हाइवे जोडने सडकको खर्च नभएको रु २८ लाख ३० हजार तथा प्रदेश समपुरक अनुदानको डाडागाउँ कल्छे सडक तथा धुलिखेल नयाँ वस्ती सडक स्तरोन्नतीको खर्च नभएको रु ८४ लाख ६० हजार समेत रु २ करोड ७७ लाख ५० हजार पालिकाको विविध खातामा ट्रान्सफर गरेको छ। खर्च नभएको रकम संघीय तथा प्रदेश विनियोजन ऐन तथा कार्यविधि अनुसार फिर्ता गर्नुपर्नेमा गरेको छैन। छलफलको क्रममा यस आ व मा उक्त रकम खर्च भइसकेको भनि पालिकाले जानकारी गराएको छ। कानून विपरित पालिकाको खातामा जम्मा गरेको रकम अनियमित देखिएको रु.	२७,७५०,०००
६.३			संघीय सरकारको विशेष अनुदान तर्फ फोहरबाट वैकल्पिक उर्जा उत्पादन प्लान्ट निर्माण , कार्यक्रमको लागि रु ३ करोड ३२ लाख वजेट प्राप्त भएकोमा रु ३ करोड ४ लाख ७४ हजार खर्च भएको देखाएको छ। उक्त खर्च भित्र खर्च नभएको रु २ करोड ५० लाख पालिकाको विविध खातामा खर्च जनाई भौ नं ४० वाट ट्रान्सफर भएको देखिन्छ। उक्त रकम हालसम्म खर्च नभएको पालिकाले जनाएको र हालसम्म फिर्ता समेत नभएकोले उक्त रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु	२५,०००,०००
७			**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आःआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । यस	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवाप्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडा कार्यालयमा खरिद गरेका सामान पालिकाको मुल जिन्सीमा आम्दानी नवाँधी वडामै दाखिला गरेको तथा जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन भने सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन। • निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, • सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेकोनपाइएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राखु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नपाइएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			को अभिलेख नराखेको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
८			**अवण्डाको रुपमा वजेट राखेको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पूँजीगत तर्फ वित्तीय समानीकरण अनुदान लगायतको रकमवाट रु २ करोड ५९ लाख वजेट विषयगत योजना मात्र राखी पटक पटकको कार्यपालिकाको निर्णय वाट रु २ करोड ४२ लाख ७७ हजार खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

कार्यक्रमको नाम	खर्च शीर्षक	विनियोजन रु हजारमा	खर्च रु हजारमा
साना तथा आकस्मिक योजना	३११५९	१०९००	१०८५४
अन्य विभिन्न योजनाको भुक्तानी (रकमान्तरवाट रु १ करोड ३० लाख थप समेत)	३११५९	१५०००	१३४२३
जम्मा:		**२५९००**	**२४२७७**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**खर्च बिश्लेषण** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ६ करोड ७ लाख ५ हजार राजस्व बाँडफाँट र अनुदानबाट रु.७८ करोड ८५ लाख ८८ हजार समेत रु. ९४ करोड ८४ लाख ३७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४५ करोड ६४ लाख ३७ हजार र पूँजिगत तर्फ रु ३७ करोड ४० लाख ३८ हजारखर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.३० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड २ लाख ९० हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव १६.९५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४४.९६ प्रतिशत रकम पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**लक्ष्य तथा प्रगतिः** पालिकाले पुजीगत खर्च शिर्षकवाट कार्यक्रम तयार गरी चालू प्रकृतिका कार्यमा रकम खर्च भएको तथा साना साना योजनामा खर्च गरेको देखिन्छ। साथै चालू प्रकृतिका कामको लागि चालु खर्च शिर्षकमा नै वजेट विनियोजन गर्नुपर्नेमा पुजीगतवाट जात्रा, पुजा, आदिमा खर्च गरेको देखिएकोले तल उल्लेखित केही कार्यमा शिर्षक फरक पारी खर्च गरेको देखिन्छ। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा उल्लेख भएको खर्च संकेत अनुसार वजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। शिर्षक फरक पारी पुजीगत शिर्षकवाट गरेका चालु प्रकृतिका योजना तथा धेरै साना योजनामा विनियोजन गरेका केही योजनाका उदाहरण यस प्रकार छन्। ज्यादै साना योजनाको लागि वजेट तयार गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन रु हजारमा	खर्च रु हजारमा
नगरस्तरीय भैपरी योजना	३११५९	२०	२०
न्यू डिपलक्ष्मी सप्लायर्स	३११५९	३६	३६
राँगेबास अर्चले बालुवा सडक	३११५१	५०	०
महिला स्वास्थ्य स्वयम सेविका तथा मेलमिलापकर्ता	३११५९	५०	४९
डस्ट विन फोहर व्यवस्थापन	३११५९	५०	४८
खेलकुद	३११५९	५०	५०
जेष्ठ नागरीक र कोभिड विरामीको लागी आर्युविद औषधालय	३११५९	५०	५०
१. वडा दशैंको उपलक्ष्यमा कलश पुजा कार्यक्रम	३११५९	१०	१०
स्थानीय जात्रा पर्व - गुँला पर्व	३११५९	१५	१५
स्थानीय जात्रापर्व - शिवरात्री पर्व	३११५९	१०	१०
स्थानीय जात्रापर्व - घिनताङ्ग घिसिङ्ग	३११५९	४०	४०
विपद तथा महामारी व्यवस्थापन	३११५९	५०	३९
स्थानीय जात्रापर्व - भिन्तुना कार्यक्रम	३११५९	२०	२०
स्थानीय जात्रापर्व - विस्केट जात्रा	३११५९	१०	१०
खेलकुद सामाग्री	३११५९	५०	४९
स्थानीय जात्रापर्व - लाखे नाच	३११५९	१५	१५
ओम शान्ती भवन जाने बाटो मर्मत	३११५१	५०	५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

घिन्टाङ, घिसीङ	३११५९	१०	१०
कृष्ण मन्दिरमा पूजा कार्यक्रम	३११५९	१०	१०
बडा दशैंको उपलक्ष्यमा कलश पुजा	३११५९	१०	१०
पूर्वाराम विहार महान कठिन दान कार्यक्रम	३११५९	३०	३०
आनन्द मार्ग प्रचारक संघ	३११५९	१५	१५
विपद तथा महामारी व्यवस्थापन	३११५९	५०	५०
पौराणीक पोखरीहरु सरसफाई कार्यक्रम	३११५९	५०	३८
संजिवनी कलेजमा पुस्तकालय व्यवस्थापन	३११५९	५०	५०
कृष्ण मन्दिरमा ट्रष्ट निर्माण	३११५९	५०	५०
विस्केट जात्रा	३११५९	५	५
मन्दिर गमला पाटीपौवा हरेक दिन सरसफाई तथा ठुलो वन संरक्षण तथा ढल सडक सुरक्षा कार्यक्रम	३११५९	५०	४५
महिला स्वयं सेवक	३११५९	५०	५०
भिन्तुना कार्यक्रम	३११५९	५०	५०
गुँला पर्व	३११५९	१०	१०
लाखे नाच पर्व	३११५९	५	५
शिखलापुर विहारको बाटोमा ढुगा छाप्ने कार्य	३११५९	५०	५०
वडा नं. ७ भित्र रहेको विभिन्न पार्कहरुमा कुर्सी व्यवस्थापन	३११५९	५०	५०
शिवरात्री पर्व	३११५९	१५	१५
जम्माः		११८०	१०९८

११

क्षेत्रगत बजेट र खर्च-

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि.नं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	६०५८७८३७	४४०३९१९१	७२.६९
२	सामाजिक विकास	४४७६३८०१६	३९४४६७३६५.९२	८८.१२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>३६२७६८८८०</td><td>२५८२७०१७३.७६</td><td>७१.१९</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२३८२९०००</td><td>१४०४२९४६</td><td>५८.९३</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३७५७०५४३</td><td>१२११५५३८६.७६</td><td>८८.०७</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>१०३२३९४२७६</td><td>८३१९७५०६३.४४</td><td>८०.५८</td></tr>
</table>
क्षेत्रगत खर्चको विवरण अनुसार पालिकाले लक्ष्य अनुसार खर्च गर्न सकेको देखिदैन। वजेट अनुसार खर्च गरी लक्षित उद्देश्य हासिल गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
चौमासिक खर्चको स्थितिः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा त्रैमासिक लक्ष्य निर्धारण गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा नियम ३५ मा अनुसूचि २ अनुसारको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ५६ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र कुल खर्चको ३१ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।साथै नियमावलीको व्यवस्था वमोजिम त्रैमासिक रुपमा लक्ष्य निर्धारण गरी वजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत वजेट</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">असार महिनाको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>कुल पुँजीगत खर्च</td><td>३७४०३७९६०.७६</td><td>५३९४२४१३</td><td>११०१८२५३२</td><td>२०९९१३०१५.७६</td><td>११६६४८९४९.९९</td></tr>
<tr><td>खर्चको प्रतिशत</td><td></td><td>१४.४२</td><td>२९.४६</td><td>५६.१२</td><td>३१.१९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
न्यायिक समितिः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १३ रहेको र यो बर्ष ९
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

मुद्दा दर्ता भएकोमा १७ वटा फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

उजुरीको प्रकार	गत आ.वमा फछ्यौंट गर्न बाँकी	यो आ.व मा थप	यो आ.व मा फछ्यौंट	फछ्यौंट बाँकी	फछ्यौंट नहुनाको कारण
ऐनको दफा ४७-१	११	६	१४	३	प्रकृयामा रहेको जानकारी दिएको।
दफा ४७-२	२	३	३	२	

१४

नक्सापासः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा २२५ ले नक्सापासको लागि निवेदन दिएकोमा २१० लाइ अस्थायी अनुमति दिएको छ भने यस वर्ष अनुमति लिएका मध्ये १०९ तथा गत विगत वर्षहरुमा अनुमति लिएकामध्ये २४२ समेत कुल ३५१ को कार्यसम्पन्न भएको देखिन्छ। पालिकाले हालसम्म ५२०९ वटा घरहरुको नक्सापास भएको जनाएको छ तर आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख संकलन गरी नक्सापास नभएका घरलाई कानूनको दायरामा ल्याउनुपर्दछ।

१५

साना योजनामा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा त्रैमासिक लक्ष्य निर्धारण गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा नियम ३५ मा अनुसूचि २ अनुसारको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसूची २ अनुसारको प्रगति विवरण तयार गरेको छैन। तर SuTRA वाट देखिएको विवरण अनुसार देहायका योजनामा अन्यन्त न्युन प्रगति भएको देखिन्छ। लक्ष्य अनुसार प्रगति तयार गर्नुपर्दछ।

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन	खर्च	खर्च (%)
सपिङ्ग कम्पेक्स मर्मत	३११११२	२०००	६०	३.
धुलिखेल संग्रालय निर्माण	३११११२	२५००	४००	१६.
जग्गा विकास आयोजना परामर्श खर्च	३११३५	२०००	०	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धुलिखेल नयाँ बस्ती सडक स्तरोउन्नी</td><td>३११५१</td><td>१५०००</td><td>१८५</td><td>१.२४</td></tr>
<tr><td>डाडाँ गाउँ कल्छे सडक स्तरोउन्नी</td><td>३११५१</td><td>१५०००</td><td>१८५३</td><td>१२.३६</td></tr>
<tr><td>धुलिखेल नगर भित्रका पिच सडक मर्मत</td><td>३११५१</td><td>४०००</td><td>०</td><td>०</td></tr>
<tr><td>धुलिखेल देवीटार सडक निर्माण</td><td>३११५१</td><td>२४९००</td><td>०</td><td>०</td></tr>
<tr><td>सरसफाई संरचना निर्माण</td><td>३११५८</td><td>१०००</td><td>३०</td><td>३.</td></tr>
<tr><td>एपिजी प्रतिस्थापन कार्यक्रम</td><td>३११५९</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>संविधान पार्क निर्माण</td><td>३११५९</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>एकीकृत खानेपानी योजना</td><td>३११५६</td><td>५०००</td><td>०</td><td>०</td></tr>
<tr><td>ठूलीटार खानेपानी</td><td>३११५६</td><td>२०००</td><td>०</td><td>०</td></tr>
<tr><td>माग तथा कार्य प्रगतिको आधारमा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भुक्तानी</td><td>३१११२</td><td>५६०८</td><td>०</td><td>०</td></tr>
<tr><td>दहाल रूम्टी ट्स पुल, छाँगें झरना झो.पु,छमारे खोला, धुलिखेल नगरपालिका, काभ्रेपलान्चोक</td><td>३११५१</td><td>२५००</td><td>१५६</td><td>६.२७</td></tr>
<tr><td>जम्माः</td><td></td><td>८३५०८</td><td>२६८४</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>वडाले गरेको खरिद PAMS मा नचढाएकोः
पालिकाले पालिकाको केन्द्रवाट खरिद गरेका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी जिन्सी अद्यावधिक गरेतापनि वडाहरुवाट भएको खरिदको दाखिलाहरु PAMS मा नचढाएको कारण पालिकाभरीको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) वडाहरुवाट खरिद भएको सामानको हकमा लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। वडावाट खरिद भएका वस्तु तथा सेवा समेत चढाउने गरी यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>भुक्तानी दिन बाकीको कच्चाबारी वेगर भुक्तानीः
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। संघिय कार्यालयमा जस्तै स्थानीय तहले पनि गत वर्षको भुक्तानी गर्ने प्रायोजनार्थ आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नुपर्नेमा पालिकाले भुक्तानी दिन वाँकीको कच्चावारी वेगर नै देहायको कार्यको लागि भुक्तानी दिएको पाइयो।पालिकाले कानुनको निर्माण तथा कार्यन्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउनुपर्दछ।	
१८			**योजना र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	

मिति	भौ. नं.	विवरण	रकम
०४/३०/२०७८	३	मल्टी नेशनल विजनेश कन्सर्न प्रा.लि.को गत वर्षको भुक्तानी दिन वाँकी रकम भुक्तानी	४९२८३०
०४/३०/२०७८	४	पुर्कोटीटोल विकास संस्था वडा न ४ को गत वर्षको भुक्तानी दिन वाँकी रकम भुक्तानी	८१,२९५.००
०४/३०/२०७८	५	कारागार पछाडी नापी कार्यालय जानेबाटो विस्तार को गत वर्षको भुक्तानी दिन वाँकी रकम भुक्तानी	१२१५५५
०४/३०/२०७८	६	दलित बस्तीमा नवनिर्मित इनार जाने बाटो	१००८२४
		जम्माः	७९६५०४

विवरण	योजना संख्या	रकम
रु.१ लाख भन्दा कम कमका योजना	१८२	११९५५४४७
रु.१ लाख १ देखि ५ लाख सम्मका योजना	२५१	६७२४७०६३
रु.५ लाख १ देखि १० लाख सम्मका योजना	५०	४१०५७३९२
रु.१० लाख १ देखि ५० लाख सम्मका योजना	५३	११४२२४२०९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु.५० लाख भन्दा माथिका योजना</td><td>६</td><td>४६८०१९००</td></tr>
<tr><td>जम्माः</td><td>५४२</td><td>२८१२८६०११</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
सेवा प्रवाहः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस देहायअनुसारको दर्ता, सिफारीस लगायतका सेवा प्रवाह गरेको देखियो। पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२२५</td><td>२१०</td></tr>
<tr><td>पञ्जिकरणतर्फः</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१००९</td><td>१००९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३६९</td><td>३६९</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१००</td><td>१००</td></tr>
<tr><td>विवाह दर्ता</td><td>६४८</td><td>६४८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>३८</td><td>३८</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>६.२ कि मि</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१९.५ कि मि</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
वित्तीय समानीकरणवाट चालू खर्चः
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छभने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमाखर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु २करोड ४५ लाख ८२ हजार वजेट राखी रु १ करोड ६२ लाख २१ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।	

सि.नं.	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	खर्च
नेपाल सरकार - समानिकरण अनुदान			२४००००००	१५७७८९८०
१	२२४१४	सरसफाईसेवा शुल्क	६००००००	५०४३०७१
२	२२५२२	कार्यक्रम खर्च	१८००००००	१०७३५९०९
वाग्मती प्रदेश - समानिकरण अनुदान			५८२०००	४४२२३०
१	२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	५८२०००	४४२२३०
		जम्मा	**२४५८२०००**	**१६२२१२१०**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**पेश्की**	
२१.१			**कार्यक्रम पेश्की-** बागमती प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।	
२१.२			**पेश्की फस्यौंटः** पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु. २४२१२०००।- र	७,९९४,२६७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			म्याद नाघेको पेश्की रु.७९९४२६७।- नियमानुसार फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु.	

सि.नं.	पेश्की लिएको मिति	पेश्कीको प्रयोजन	पेश्की लिनेको नाम	म्याद ननाघेको	म्याद नाघेको
२	०८/१९/२०७८	देवीस्थान पार्क पर्यटन मन्त्रालयको साझेदारीमा	सोबर्ण-भण्डारी जे/भी	५९००००० .	
३	०८/१९/२०७८	सडक वोर्ड नेपाल म्याचिङ्ग फण्ड	यू एण्ड एस कन्स्ट्रक्सन	४८२०००.	
४	०९/१४/२०७८	देवीस्थान पार्क पर्यटन मन्त्रालयको साझेदारीमा	सोबर्ण-भण्डारी जे/भी	६०००००.	
५	११/०९/२०७८	धुलिखेल देवीटार सडक निर्माण	वोर्ल्डवाइड सुशन जे भी	६०७४०००.	
६	११/०९/२०७८	धुलिखेल नयाँ बस्ती सडक स्तरोउन्नती	वोर्ल्डवाइड सुशन जे भी	२५०००००.	
७	११/१२/२०७८	डाडाँ गाउँ कल्छे सडक स्तरोउन्नती	विजय । यू एण्ड एस । भोटसिपाजे.भी.	२५०००००.	
८	११/१२/२०७८	वि.पी. राजमार्ग ठूलीटार सडक	राहुल कन्स्ट्रक्सन	२६०००००.	
९	११/२०/२०७८	फोहरबाट वैकल्पिक उर्जा उत्पादनप्लान्ट निर्माण	तारा निर्माण सेवा	५०००००.	
१०	२०७९/०२/३१	धुलिखेल देवीटार सडक निर्माण	अमरज्योती कन्स्ट्रक्सन प्रा.लि.	२०५६०००.	
११	०३/२४/२०७९	धुलिखेल नयाँ बस्ती सडक स्तरोउन्नती	किशन एण्ड दृष्टी विल्डर्स प्रा.लि.	१००००००.	
				२४२१२०००.	
			म्याद नाघेको पेश्की		
१	०२/१६/२०७९	जेष्ठ नागरिक कार्यक्रम	भवानी मिश्र		१०००००.
२	०३/१३/२०७९	कृषि पशुपन्छी तथा मत्स्य तथ्याकंअध्यावधिक कार्यक्रम	रविना घिमिरे		१०००००.
३	०३/१३/२०७९	किसान सूचीकरण कार्यक्रम	रविना घिमिरे		३०००००.
८	१२/०६/२०७८	संखु बतासे खानेपानी योजना	नेपाल विधुत प्राधिकरण बनेपाकाभ्रे		३५९९९४२.
९	०३/१९/२०७९	संखु बतासे खानेपानी योजना	नेपाल बिधुत प्राधिकरण बनेपाकाभ्रे		१३९२७३०.
४	१०/२०/२०७८	साना तथा आकस्मिक योजना	इमाथे मार्ग ढल निर्माण उपभाेक्तासमिति		५४,०००.००
५	१०/२७/२०७८	देउराली खानेपानी	देउराली खानेपानी उपभाेक्ता समितिधु न पा ११		३०९५९५.
६	१०/२८/२०७८	बतासे खानेपानी सिमलचौर सल्लाघारी (क्रमागत)	सिउडीखाेला पुल निर्माण उपभाेक्तासमिति धुलिखेल १०		७९३०००.
७	११/१२/२०७८	सिटाघारी खानेपानी योजना	सिटाघारी खानेपानी		५४००००.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

			उपभोक्तासमिति धु न पा ८		
८	१२/१५/२०७८	चिसापानी खानेपानी (बडा नं.९१०१११२)	बलौटे खोल्सा बछलादेबी खानेपानीउपभोक्ता समिति धुलिखेल ९		६२१०००.
२	०७/१२/२०७८	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गतआमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	जानुका अधिकारी		७४,०००.००
३	०२/२७/२०७९	नेतृत्व सिप विकास	सर्मिला लामा		६०,०००.००
४	०३/१३/२०७९	घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धीअभिमुखिकरण कार्यक्रम	अमिना प्रधान		५०,०००.००
			जम्मा		७९९४२६७.

२२

विभिन्न समितिको बैठक भत्ताः

प्रचलित कानून बमोजिम वा लेखा उत्तरदायित्व अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय भन्दा अघि वा पछि बैठक बस्नु परेमा मात्र नियमानुसार बैठक भत्ता दिन सकिने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा १३३ मा उल्लेख छ । पालिकाले कार्यालयको कर्मचारी मात्र सदस्य रहेको विभिन्न समिति (स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएको वाहेकको समिति) गठन गरी विभिन्न मिति र समयमा बैठक बसी बैठक भत्ता लिएको देखियो । कार्यसंचालन निर्देशिका, २०७७ ले एकै निकायका कर्मचारी तथा पदाधिकारी रहने समितिको वैठकमा वैठक भत्ता भुक्तानी नगर्ने उल्लेख गरेकोले वैठक भत्तामा मितव्ययीता अपनाउनुपर्ने देखिन्छ।

गौ. भौ. र मिति	समितिको नाम	रकम
११६-२०७८।७।११	घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ अनुसार गठित समिति	१६०००
११७-२०७८।७।११	अपाङ्गता परिचय पत्र सिफारिस समिति	१००००
१६७-२०७८।८।६	नगरस्तरिय छनौट समिति	१४१०००
२३१-२०७८।९।१३	प्रध्यानाध्यापक छनौट समिति	६७०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४४५-२०७८।१२।२५</td><td>अपाङ्गता परिचय पत्र सिफारिस समिति</td><td>२४०००</td></tr>
<tr><td>५८७-२०७९।२।२५</td><td>अपाङ्गता परिचय पत्र सिफारिस समिति</td><td>१२०००</td></tr>
<tr><td>७३८-२०७९।३।२४</td><td>लघु उद्यम विकास समिति</td><td>३६०००</td></tr>
<tr><td>७४२-२०७९।३।२४</td><td>योजना अनुगमन तथा सुपरिवेक्षण समिति</td><td>१३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१९०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>मूल्य अभिबृद्धी करमा दर्ता नभएकोवाट खरिदः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मासार्वजनिक निकायले बीस हजार भन्दा बढीको खरिद गर्दा मूल्य अभिबृद्धी करमा दर्ता भएको फर्म सँग मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले धुलिखेल नगरपालिकाले गरेको पार्क निर्माण, कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन लगायत गतिविधिको डकुमेन्ट्रि निर्माण गर्न प्यानमा दर्ता भएको मगर स्टुडियो मार्फत कार्य गराई रु.८०५०० भुक्तानि दिएको छ। कानूनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पेश्की फछ्र्यौटः
७९२-२०७९।३।३० कार्यालयले पेश्की फस्यौंट गर्दा पेश भएको भएको विल भर्पाइ परीक्षण गरी रित पुगेको भएमा मात्र पेश्की फस्यौंट गर्नुपर्दछ । पालिकाले वडा नं ६ को वडा सचिव प्रकाश थापाको पेश्की फस्यौंट गर्दा पदाधिकारी बैठक भत्ता तर्फ ५३००० मध्ये रु २४००० खर्च भई बाँकी रकम रु २९००० फिर्ता गर्नुपर्नेमा रु २४००० मात्र फिर्ता गरेकोले बाँकी रकम फिर्ता दाखिला गर्नुपर्ने रु ..
साथै भौ नं ७७७-२०७९।३।२८ वाट कार्यालयले पेश्की फस्यौंट गर्दा पेश भएको भएको विल भर्पाइ परीक्षण गरी रित पुगेको भएमा मात्र पेश्की फस्यौंट गर्नुपर्दछ । पालिकाले विभिन्न परिषदको बैठक बापत विदुर गौतमको पेश्की फस्यौंट गर्दा रु१२५००० मध्ये बैठक भत्ता बापत रु ८४००० र खाजा खर्च बापत रु३९००० गरी कूल रु१२३००० खर्च भएको तर बाँकी रकम दाखिला नगरी पेश्की फस्यौंट गरेको देखिएकोले बाँकी रकम असुल गर्नुपर्ने रु..</td><td>७,०००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पर्व तथा मेलाः
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमूखी खर्च नियन्त्रण गर्दै पुर्वाधार निर्माण तथा दिर्घकालिन पूँजी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निर्माण हुने क्षेत्रमामात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष पर्व तथा जात्रा व्यवस्थापन भनि विभिन्न जात्रा तथा पत्र खर्चको रुपमा विभिन्न मितिमा विभिन्न भौचरबाट रु=१३ लाख ८५ हजार खर्च गरेको देखिएको छ । यसरी दिर्घकालिन पुँजी निर्माण नहुने तथा वितरणमुखी प्रवृत्तिको खर्चलाई नियन्त्रण गर्नुपर्नदछ ।	
२६			**सवारी साधन भाडाः** सरकारी खर्चमा भ्रमण गर्दा कर्मचारी तथा पदाधिकारीले सम्भव भए सम्म किफायती र कम खर्चिलो बाटो तथा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा उल्लेख छ । पालिकाले यो बर्ष विभिन्न कर्मचारी तथा पदाधिकारी भ्रमण तथा विभिन्न योजना अनुगमन गर्दा सवारी साधन भाडामा प्रयोग गरेको भनी विभिन्न व्यक्ति तथा संस्था सँग सम्झौता गरी कुल रु. ४ लाख ४२ हजार २३० खर्च गरेको छ । कर्मचारी तथा पदाधिकारीले योजना अनुगमन तथा भ्रमण गर्दा कार्यालयमा उपलब्ध सवारी साधनको प्रयोग गर्न नसकिने एकिन नगरी वाह्य सवारी साधन प्रयोग गरी रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।	
२७			**जरिवाना भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयले सरकारी सम्पत्तिको जिम्मा, लगत, संरक्षण र मर्मत संम्भार मितव्यायी ढंगबाट गर्नुपर्दछ । कार्यालयले आफ्नो जिम्मामा भएको ४१ वटा सवारी साधनको दर्ता नविकरण गर्न मिति २०७८।११।१८ मा पेश्की उपलब्ध गराएकोमा समयमा नविकरण नगर्दा २४ वटा सवारी साधनमा रु ४४३८७ जरिवाना तिरेको छ। समयमा नविकरण नगर्दा कार्यालयलाई थप व्ययभार परेको छ।	
२८			**एकै फर्मवाट पटक पटक खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५ लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औं संसोधन पश्चात १० लाख) को खरिद कार्य सोझै गर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिएको छ भने नियमावलीमा एकै फर्म तथा निकायवाट रु १० लाख भन्दा वढीको सामान सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा सो विपरित देहायका मुल्यका सामान एकै फर्मवाट खरिद गरेको छ। कानूनमा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा सो को विपरित हुने गरी पटक पटक एकै फर्मवाट खरिद गरेको उचित देखिएन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>फर्मको नाम</th><th>विवरण</th><th>कर कट्टी पछिको खुद भुक्तानी</th></tr>
<tr><td>आकाश जनरल सप्लायर्स</td><td>विभिन्न मितिमा ३७ वटा भौचरवाट मसलन्द र कार्यालय सामाग्री लगायत खरिद</td><td>४२५२४२४</td></tr>
<tr><td>सगुन प्रिन्टर्स</td><td>विभिन्न मितिमा २० वटा भौचरवाट छपाई तथा समलन्द सामाग्री खरिद</td><td>३५०१६८६</td></tr>
<tr><td>मिराकल ट्रेडर्स</td><td>विभिन्न मितिमा १३ वटा भौचरवाट मसलन्द र कार्यालय सामाग्री खरिद</td><td>२२९३०९२</td></tr>
<tr><td>न्यू हरिसिद्धी अफसेट प्रेस</td><td>विभिन्न मितिमा ८ वटा भौचरवाट छपाई सम्बन्धी सामाग्री खरिद</td><td>१२७८३९२</td></tr>
<tr><td>सिल्पु सप्लायर्स</td><td>विभिन्न मितिमा ४ वटा भौचरवाट मसलन्द र कार्यालय सामाग्री खरिद</td><td>७७९७९२</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१२१०५३८६</td></tr>
</table>
यस सम्वन्धमा छलफल गर्दा कार्यालय सामान, कार्यक्रममा उल्लेखित खर्चको भुक्तानी, अनुदानको लागि खरिद, संघ संस्थाको कार्यक्रम संचालनको लागि खर्च गरेको रकमको भुक्तानी एकमुष्ट SuTRA मा देखिने हुँदा यस्तो देखिएको जनाएको भएतापनि नियममा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>चाडपर्व भुक्तानीः
नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार स्वीकृत दरवन्दीमा कार्यरत करारमा कार्यरत कर्मचारीलाइ मात्र ६ महिना भन्दा वढी अवधि काम गरेमा चाडपर्व भत्ता दिने तत्कालिन सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रमा उल्लेख छ। जसअनुसार स्वीकृत दरवन्दीमा कार्यरत सेवा करारका कार्यरत कर्मचारीलाई मात्र चाडपर्व भुक्तानी गर्नुपर्नेमा पालिकाले दैनिक ज्यालादारीमा कार्यरत निम्न कर्मचारीलाई चाडपर्व खर्च भनि भुक्तानी दिएको देखिएकोले कानून विपरीत भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
</table></td><td>९०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१.</td><td>विदुर मिजार</td><td>१५०००</td></tr>
<tr><td>२.</td><td>नबराज कार्की</td><td>१५०००</td></tr>
<tr><td>३.</td><td>नबराज दोङ</td><td>१५०००</td></tr>
<tr><td>४.</td><td>नबराज श्रेष्ठ</td><td>१५०००</td></tr>
<tr><td>५.</td><td>रोजिना थापा मगर</td><td>१५०००</td></tr>
<tr><td>६.</td><td>राम बहादुर देउला</td><td>१५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा आधारभुत शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ। जस अनुसार शिक्षकको दरवन्दी अपुग भएमा दरवन्दी थप गर्ने वा गर्न पहल गरी शशर्त अनुदानवाट तलव भत्ता उपलव्ध गराउनुपर्नेमा नगराइ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयलाई वित्तीय समानीकरण अनुदानको रकमवाट रु १० लाख ८३ हजार भुक्तानी दिएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले वित्तीय समानिकरणको अनुदान पुजीगत क्षेत्रमा मात्र खर्च गर्नुपर्ने उल्लेख गरेकोमा सो विपरीत हुने गरी समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>गत वर्षको भुक्तानीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु बर्षको बजेटले नखाम्नेगरी बजेट खर्च गर्न नहुने तर विशेष परिस्थितिबस चालु आर्थिक बर्षमा भुक्तानी दिन नसकी दायित्व सृजना भएमा विल भर्पाइ सहित भुक्तानी दिन पर्ने कारण खुलाई महालेखापरीक्षकले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चाबारीमा चढाइ भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी दिन बाँकीको कच्चाबारी बेगर नेप्सेम्याक सेवा प्रा.लि. लाई २०७८ असार महिनाको सेवा शुल्क बापत रु.३५७८१। र घर भाडा बापत कमल प्रसाद कोइराला लाई रु.१३५००। रकम भुक्तानी दिएको छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**पदाधिकारीलाई पोषाक** बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ जसमा पदाधिकारीलाइ पोषाक भत्ता दिने व्यवस्था छैन। साथै २०७२ सालमा जारी नेपालको संविधानले स्थानीय तहका पदाधिकारीको सुविधा प्रदेश कानून वमोजिम हुने उल्लेख गरेको छ। तर पालिकाले पदाधिकारीलाई पोशाक खरिद गरी सुन्दर तयारी पोशाक एण्ड टेलरिङ्ग सेन्टरलाई रु. ७३७,४२५। भुक्तानी दिएको छ । प्रदेशको कानूनमा यस कानून अनुसार मात्र सुविधा पाउने स्पष्ट व्यवस्था गरेकोमा कानून विपरित हुनेगरी सुविधा दिएको देखिन्छ। यस सम्वन्धमा छलफल गर्दा कार्यपालिका तथा सभाको वैठकमा पोषाकमा उपस्थित हुनको लागि दिइएको, उक्त खर्च ५ वर्षको अवधिको लागि एक पटक मात्र गरिने तथा स्थानीय तहको पहिलो चुनावपश्चात पनि एक पटक मात्र पोषाक भत्ता उपलव्ध गराएको जानकारी गराएको छ। वैठक लगायतका औपचारिक कार्यक्रमा एकरुपता कायम गर्न पोषाक उपलव्ध गराएतापनि ऐनमा उल्लेख नभएको कार्यमा रकम खर्च गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।	
३३			**तिज विशेष कार्यक्रमः** कार्यालयले कुनै कार्यको भुक्तानी दिदा पेश भएको विल भर्पाइ परीक्षण गरी रितपुर्वक भएमा प्राप्त भएको १५ दिन भित्र वजेटको सिमा भित्र रहने गरी खर्च गर्न सकिने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा रहेको छ । पालिकाले तिज विशेष कार्यक्रम अन्तर्गत भवानी कुमारी मिश्रलाई भुक्तानी दिदा खाजा खर्च वापत ८०० सहभागिको १९५ को दरले रु १५६००० भुक्तानी दिएको छ । कार्यक्रमको कागजात परीक्षण गर्दा सहभागी संख्या ३८६ जना मात्र देखिएकोले कार्यक्रममा सहभागी संख्या भन्दा ४१४ जनाको रु ८०,७३०। बढी खर्च लेखेको देखिन्छ। यस सम्वन्धमा छलफल गर्दा सहभागीको संख्या धेरै भएतापनि सहभागीको उपस्थितिको अभिलेख राख्न कठिनाइ परेको जनाएको छ। ठुलो संख्यालाइ खाजा दिने गरी कार्यक्रम संचालन गर्नपुर्व पुर्वतयारी गरी सवैको उपस्थिति देखाउनुपर्नेमा देखाउन कठिनाइ परेको भनि तोकेभन्दा वढी खर्च गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।	
३४			**स्वास्थ्य सेवा समिक्षा कार्यक्रमः** ७९३-२०७९।३।३१ सार्वजनिक निकायले कुनै प्रकारको तालिम, गोष्टी तथा अन्तरक्रिया सञ्चालन गर्नुपरे उपलब्ध भएसम्म आफ्नै	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल तथा बैठक हल प्रयोग गर्ने तथा सार्वजनिक कोषबाट व्यहोर्ने गरी आवासिय गोष्टी तथा कार्याशाला सञ्चालन नगर्ने कुरा सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को दफा ३(९) मा उल्लेख छ । पालिकाले आफ्नै बैठक कक्ष तथा सभाहल हुदा हुदै स्वास्थ्य सेवा सम्बन्धी समिक्षा कार्यक्रम सुकुटे विच एडभेन्चर्स क्याम्प रिसोर्टमा आवासिय रुममा सञ्चालन रु.३००००० खर्च लेखेको छ । यसरी कार्यविधि विपरित हुनेगरी कार्यक्रम सञ्चालन उचित देखिएन। खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नुपर्दछ।	
३५			**बढी भुक्तानीः** ४९-२०७८।६।१३ कार्यालयले कुनै कार्यको भुक्तानी दिदा पेश भएको विल भर्पाइ परीक्षण गरी रितपुर्वक भएमा प्राप्त भएको १५ दिन भित्र वजेटको सिमा भित्र रहने गरी खर्च गर्न सकिने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को २४ मा रहेको छ । पालिकाले विविध कार्यक्रम अन्तर्गत न्यायिक समिती सँग अन्य पालिकाका उपमेयरसँगको अन्तरक्रिया कार्यक्रममा माउन्ट प्रिन्सेस होटल प्रालि ले पेश गरेको प्रस्ताव अनुसार खाना, खाजा तथा बास खर्च प्रति सहभागीभ्याट बाहेक रु.३७००। खर्च लाग्ने गरी दररेट उल्लेख गरेकोमा कार्यक्रममा ३० जना मात्र सहभागी भएकोमा ३३ जनाकोभ्याट सहित रु.१३७९७३ भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु	११,१००
३६			**पशु बीमा कार्यक्रमः** पशु बीमा कार्यक्रम अन्तर्गत किसानले पशु चौपायको बीमा गराएबापत प्रिमियम शुल्कको २० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरी नगरपालिका भित्रका किसानहरुलाई आह्वान गरेको छ । नगरपालिकाले वडा नं.२ र वडा नं.११ को किसानले कृषि सहकारी संस्था बाट विमा गराएकोमा नगरपालिकाले अनुदान रकम भुक्तानी गर्दा प्रिमियम रकमको २० प्रतिशत रकम भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी दिएकोले बढी भुक्तानि भएको रकम असूल गर्नुपर्ने रु..	३४२,१०४

वडा नं.	संस्थाको नाम	बीमाङ्क रकम	बीमा प्रिमियम	२० प्रतिशत रकम	भुक्तानी रकम	बढी भुक्तानी
२	श्री साना किसान कृषि सहकारी संस्था	७२८४३०००	९१०५३७	१८२१०७	२७२६३८	१९०५३०
११	श्री आरुबोट साना किसान कृषि सहकारी	३०३१५०००	३७८९३७	७५७८७	२२७३६२	१५१५७४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>संस्था</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३४२१०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
सवारी साधन मर्मतः
सार्वजनिक निकायले सवारी साधन मर्मत गर्नपर्दा कुन सवारी साधन के कारणले मर्मत गर्नुपिरको हो स्पष्ट खुलाएर मर्मत आदेश फारम भराई मर्मत गर्ने र मर्मत अभिलेख प्रमाणित गराइ राखु पर्दछ । पालिकाले निम्न रकमको सवारी साधन मर्मत गराउदा मर्मत विल विजकमा सवारी साधन नम्बर उल्लेख बेगर विल पेश भएको रकमको आधारमा भुक्तानी दिएको केहि उदाहरण निम्न रहेको छ ।
<table>
<tr><th>मर्मत गर्ने फर्म</th><th>सवारी साधन</th><th>विजक नम्बर</th><th>रकम</th></tr>
<tr><td>काठमाडौ अटो इन्जिनियरिङ्ग प्रालि</td><td>टाटा एस</td><td>०१९</td><td>१६१०२</td></tr>
<tr><td>रञ्जित अटो वर्ल्ड एण्ड सर्भिसिङ्ग सेन्टर</td><td>सुमो</td><td>६८</td><td>९२९४२</td></tr>
<tr><td>रञ्जित अटो वर्ल्ड एण्ड सर्भिसिङ्ग सेन्टर</td><td>टाटा एस</td><td>८३</td><td>१०५०९</td></tr>
<tr><td>नेपाल अटो लिङ्क सेन्टर</td><td>टाटा एस</td><td>७३१</td><td>२२०३५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४१५८८</td></tr>
</table>
यसरी सवारी साधन नम्बर उल्लेख वेगर मर्मत खर्च रकम भुक्तानि दिदा कुन सवारी साधन के कारण मर्मत गर्नुपरेको यकिन नहुने भएकोले यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
दोहोरो भुक्तानीः
पालिकाले बालबिकास केन्द्रको सहजकर्ताको तलव भुक्तानी गर्दा प्रति महिना १००० को दरले पर्व र कार्तिक महिनाको ४३ बालबिकास केन्द्रको लागि ३६ विद्यालयलाई रु. ७२००० गो.भौ.१४३-२०७८।७।३० बाट भुक्तानी दिएकोमा पुनः गो. भौ. २९३-२०७८।१०।१८ बाट पनि भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको रकम सम्वन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.
</td><td>७२,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
भुक्तानीमा कर
आयकर ऐन, २०५८ को दफा ८८ मा सेवाशुल्कवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उद्यमशिलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत निम्न कार्य परामर्शदाता मार्फत गराएकोमाउक्त फर्मले भ्याट
</td><td>१३३,७८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विल समेत पेश नगरेकोले १५ प्रतिशतले कट्टी गर्नुपर्ने १.५ प्रतिशतले मात्र कर कट्टी गरेकोले घटी कर कट्टि गरेको रु
<table>
<tr><th>फर्मको नाम</th><th>कार्यक्रम</th><th>भुक्तानी रकम</th><th>कट्टी भएको कर रकम</th><th>कट्टी हुनुपर्ने रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>कन्कर्ड इन्टरनेशनल प्रालि</td><td>Electrical Appliance Repair Training</td><td>४९६०००</td><td>७४४०</td><td>७४४००</td><td>६६९६०</td></tr>
<tr><td>लोटश नेपाल प्रालि</td><td>Building Electrician Training</td><td>४९५०००</td><td>७४२५</td><td>७४२५०</td><td>६६८२५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१३३७८५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>परीक्षा शुल्क
कक्षा ८ परीक्षा सञ्चानल गरे बापत संस्थागत विद्यालयले प्रति विद्यार्थी ६०० का दरले रजिष्ट्रेशन शुल्क एकमूष्ठ रुपमा विद्यालयको खातामा दाखिला गर्नुपर्ने निर्णय शिक्षा समितिले गरेको छ । तर पालिकाले निम्न बिद्यालयको कक्षा ८ को परीक्षा सञ्चालन शुल्क नगरपालिकाको खातामा दाखिला गरी आम्दानी बाधेको नदेखिएकोले उक्त रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>हिमालयन इङ्गलिस वोर्डिङ् स्कूल</td><td>२</td><td>६००</td><td>१२००</td></tr>
<tr><td>२.</td><td>गोल्डेन सिद्धार्थ एकेडेमी</td><td>२१</td><td>६००</td><td>१२६००</td></tr>
<tr><td>३.</td><td>इम्मानुयल इङ्गलिस वोर्डिङ् स्कूल</td><td>१४</td><td>६००</td><td>८४००</td></tr>
<tr><td>४.</td><td>माउण्ट भ्यू इङ्गलिस वोर्डिङ् स्कूल</td><td>२१</td><td>६००</td><td>१२६००</td></tr>
<tr><td>५.</td><td>धुलिखेल हाइस्कूल</td><td>४२</td><td>६००</td><td>२५२००</td></tr>
<tr><td>६.</td><td>बाल विकास विद्याश्रम मावि</td><td>२२</td><td>६००</td><td>१३२००</td></tr>
<tr><td>७.</td><td>नमोबुद्ध इङ्गलिस वोर्डिङ् स्कूल</td><td>३१</td><td>६००</td><td>१८६००</td></tr>
<tr><td>८.</td><td>डिभाइन लाइट इङ्गलिस वोर्डिङ् स्कूल</td><td>२२</td><td>६००</td><td>१३२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१०५०००</td></tr>
</table></td><td>१०५,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बहुकक्षा बहुस्तर शिक्षण सिकाई</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>धुलिखेल नगरपालिकाका विभिन्न वडा अन्तर्गत रहेको सामूदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधारका लागि धुलिखेल नगरपालिका र</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जर्मन नेपाल सहयोग संघको संयुक्त आर्थिक सहयोगमा शैक्षिक सशक्तिकरण केन्द्र द्वारा सञ्चालन गरिने सामूदायिक विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण शिकाई कार्यक्रममा पालिकाले रु. १५२२१५७। खर्च गरेको छ । यसमा निम्न व्यहोरा देखिएको छ ।	
४१.२			सेवा प्रदायक संस्थाले कार्यक्रम सञ्चालन गरेवापत सम्झौताको शर्त बमोजिम खर्च गर्ने र सोहि अनुसार पालिकाले भुक्तानी दिनु पर्दछ । कार्यक्रमको खर्चको विल भर्पाइ परीक्षण गर्दा सम्झौताको शर्त विपरित निम्न रकम खर्च गरेको देखिएको छ । यसरी सम्झौताको शर्त विपरित खर्च गरेको रकम अनियमित देखिएको रु	३१४,४३४

सि.नं.	कार्यक्रम	खर्च गर्नुपर्ने रकम	खर्च भएको रकम	घटी बढी रकम
२	Setting up of classroom conducive for MGML pedagogy	४५००००	३६६५१९	
७	Lamination	३६०००	३७१९५	
८	Audio and pen drive	८२८००	१८०००	
११	Book corner (Rack)	६००००	०	
१२	Student work book	५४०००	०	
१३	Stationery and consumables cost	१८००००	०	
१८	Monitoring and Supervision cost (mun, RM level)	१०००००	११५७५४	१५७५४
१९	Field Base RP/SQ	३९००००	४९८६६०	१०८६६०
	रेडियो कार्यक्रम	१८००००	३४३४८०	१६३४८०
	Instrument	०	७२६६६	७२६६६
	Sports Material	०	६०५९२	६०५९२
	Transportation	०	१८२८२	१८२८२
	जम्मा			**३१४४३४**

यसमा देखिएका थप व्यहोराहरु देहायअनुसार रहेका छन्:

- पालिकाले कार्यक्रमको अनुगमन गर्ने गरि १ लाख बजेटको व्यवस्था गरि सम्झौता गरेको साथै १ लाख १५ हजार ७५४ रुपयाँ

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खर्च समेत गरेको छ । कार्यक्रम गर्ने गरी सम्झौता गरेपश्चात सम्झौताको शर्त बमोजिम सेवा प्रदायकले कार्यक्रम सञ्चालन गर्नु निजको न्युनतम दायित्व हुने अवस्थामा कार्यक्रमको अनुगमन भनेर अनुगमन शिर्षक राखेर सम्झौता गर्नु उपयुक्त देखिएन । पालिकाबाट अनुगमन तथा सुपरिवेक्षण भनेर १ लाख १५ हजार खर्च भएतापनि सेवा प्रदायक संस्थाले कार्यक्रम सञ्चालन गरेको र सम्झौताको शर्त बमोजिम खर्च गरेको नगरेको बारे अनुगमन गरिएको देखिएन । यसरी अनुगमन गरेको भनि रकम खर्च गर्ने तर कार्यक्रमको प्रभावकारी अनुगमन गरेको प्रतिवेदन नराख्ने प्रवृतिको अन्त्य गर्नुपर्दछ ।	
४२			**प्रश्नपत्र छपाई** ७५१-२०७९।३।२५ नगरपालिका भित्र सञ्चालनमा रहेका सामूदायिक र गैरसामूदायिक विद्यालयको कक्षा ८ परीक्षा सञ्चालन तथा सामुदायिक विद्यालय अन्तर्गत कक्षा ६, ७ र ९ कक्षाको परीक्षा सञ्चालन खर्च अशोक घिमिरेको पेश्की फस्योंट गर्दा नगर शिक्षा समितिले प्रश्नपत्र छपाईको लागि विद्यार्थी संख्यको आधारमा प्रति विद्यालय २ सेट बढी उपलब्ध गराउने गरी छपाउने निर्णय गरेकोमा निम्न बमोजिम प्रश्नपत्र छपाई गरेको छ ।	

कक्षा	रजिष्ट्रेशन अनुसार विद्यार्थी संख्या (A)	विषय संख्या(B)	विद्यालय प्रति सहित आवश्यक प्रश्न पत्र संख्याC=(A+२)*B	छपाई भएको संख्या	बढी संख्या	दर	रकम
६	४०८	७	२८७०	४०००	११३०	८.५०	९६०५
७	४१७	९	३७७१	४०००	२२९	८.५०	१९४७
८	५३२	९	४७८८	६५००	१७१२	७.५०	१२८४०
९	४६७	८	३७५२	६०००	२२४८	८.५०	१९१०८
	जम्मा						४३५००

पालिकाले आवश्यक संख्या भन्दा बढी संख्यामा प्रश्नपत्र छपाई गरेको देखिएको छ । यसरी आवश्यक संख्या भन्दा अधिकतम मात्रामा प्रश्नपत्र छपाई गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ३१ लाख ७१ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा अधिकांशमा विल मात्र आएको देखिन्छ । अतः प्रयोजन खुलाइ यस्तो खर्च लेख्नुपर्ने देखिन्छ।	
४४			**स्यानिटरी प्याड वितरणः** सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरणको लागि ओम युनाइटेड ट्रेडबाट रु.९९८०१०।- डालिमा मेडिसेल्सबाट रु.२७८९८८।- गरी कुल रु.१२,७६,९९८।- (मु अ कर समेत) भुक्तानी गरी खरिद गरेको छ । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्नेमा राखेको प्रमाण पेश नभएको , खरिद गरेका प्याडहरु तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तर जाँच गरेको प्रमाण नरहेको, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।	
४५			**औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले विभिन्न प्रक्रियाबाट रु.३९२०४१२।- का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः **क.** आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा निरीक्षण प्रतिवेदन राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । **ख.** आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । **ग.** औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आम्दानी बाँध्ने नगरेको । **घ.** औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४६			**स्वास्थ्य केन्द्रलाइ वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक जाँचपास गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले स्वास्थ्य सेवा केन्द्र निर्माण योजना धु न पा ३ स्वास्थ सेवा केन्द्र उपभोक्ता समितिलाई प्राविधिक मुल्यांकन भन्दा वढी हुने गरी गो भौ नं २० मार्फत रु. १४४१५। वढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्ने रु	१४,४१५
४७			**शिक्षकको तलव वढी भुक्तानीः** शिक्षकहरुको तलव भुक्तानी गर्दा तलवी प्रतिवेदन पास गरी तलवी प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्दछ। पालिकाले देहायका शिक्षकहरुको ग्रेड मिलान नभई रु. १ लाख २३ हजार ८७७। बढि भुक्तानी दिएको छ। उक्त वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	१२३,८७९

क्र. सं.	नाम	बढि भुक्तानी भएको रकम
१.	राजेन्द्र शाह	२२,०४५
२.	अन्जना श्रेष्ठ	१७,९९२
३.	गंगादेवी श्रेष्ठ	१७,९९२
४.	मञ्जुदेवी अधिकारी	२२,०४५
५.	दूर्गादिवी उप्रेती शाह	८,७६१
६.	जमुना श्रेष्ठ	८,७६१
७.	टिकानारायण श्रेष्ठ	१७,५२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			८. | विष्णुप्रसाद पौडेल | ८,७६१	
४८			**धुलिखेल सभाहल निर्माणः** यस कार्यको लागि मिति २०७८।२।१० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।१।२१ मा रु २७६७९२५७। मा ड्रागन अर्विट इन्जिनियरीङ जेभी सँग संझौता भएकोमा समयमा काम सम्पन्न नसकेको कारण २०७८।६।१५ सम्म म्याद थप भइ कार्यसम्पन्न गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन्ः यसको पहिलो प्याकेजको काम आ व २०७६।७७ मा भएको पालिकाले जनाएको छ। जसमा फाउन्डेसन तथा ट्रसको काम भएको जनाएको छ भने माथि उल्लेखित ठेक्कावाट वाँकी काम गरेको जनाएको छ। साथै सभाहल निर्माणको लागि भौ नं ३७ वाट हेल्दी विल्डर्स एण्ड सप्लायर्स प्रा लि लाइ रु ४८१,१०१। भुक्तानी गरेको छ। पटक पटक काम भएकोमा कार्यमा दोहोरोपना समेत हुने अवस्था रहने हुँदा एकै प्याकेजमा काम गर्ने गरी ठेक्का संझौता गर्नुपर्ने देखिन्छ। शुरु संझौतामा केही काम छुट भएको भनि भेरीएसनवाट रु ३००८२६९। को लागत वृद्दि भएको देखिन्छ। लागत अनुमानको तुलनामा १३.८४ प्रतिशत घटीमा शुरु संझौता भएकोमा भेरीएसन गर्दा लागत अनुमान तयार गरेको छैन भने उक्त अनुमानमा रेट नेगोशियशन गरेको समेत देखिदैन। भेरीएसनवाट पालिकाले आल्मुनियम कम्पोजिट प्यानलको काम २०९ वर्गमिटरको काममा प्रति वर्गमिटर मुअकर वाहेक रु ४८९०। ले कुल १०२२०१०। थप गरेकोमा दररेट माग गरी तयार गरेको जनाएको छ। प्राप्त दररेटमा रेट नेगोशियशन गर्नुपर्नेमा गरेको छैन। साथै स्थलगत निरिक्षण गर्दा वाहिरको केही ठाउमा पानी छिरेको देखिएको छ। त्रुटि सच्याउने अवधिमा उक्त काम पुरा गर्नुपर्ने देखिन्छ।	
४९			**पालिकाको एक्साभेटर प्रयोगः** मर्मत संभार तथा नगरपालिकाको डोजर संचालन कार्यक्रमवाट यस वर्ष रु. १४,९९,१५०। खर्च भएको छ। उक्त रकम मध्ये केही रकम मर्मत लगायतमा खर्च भएको देखिन्छ भने धेरै रकम इन्धनमा खर्च भएको छ। इन्धनमा खर्च भएकोमा कामको मुल्यांकन छैन। मर्मत संभार लगायतका कार्य गर्दा लागत अनुमान तयार गरि कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही आधारमा मात्र भुक्तानी गर्नु पर्नेमा लागत अनुमान नै तयार नगरी डोजर संचालन भएको घण्टाको आधारमा भुक्तानी गर्ने कार्य हुदा उपभोक्ता समितिले गरेका कार्य र नगरपालिकाले गरेको कार्य नछुटिने अवस्था रहने र एउटै कार्यमा समेत दोहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ। अतः पालिकाले	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>डोजर प्रयोग गरी मर्मत संभारको कार्य गर्दा लगवुक राख्नुपर्ने, लागत अनुमान तथा कार्यसम्पादन प्रतिवेदन समेतको आधारमा चेनेज खुलाई कामको प्राविधिक मुल्यांकन गरी इन्धन खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कन्टिन्जेन्सीमा वढी खर्चः
वागमती प्रदेशले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७७ को वुँदा १० (६) मा समपुरक अनुदानवाट सन्चालित योजनामा ३ प्रतिशत भन्दा वढी कन्टिन्जेन्सी राख्न नपाइने उल्लेख छ । तर कार्यालयले प्रदेश समपुरक अनुदान अन्तर्गतका देहायका काममा वढी कन्टिन्जेन्सी खर्च गरेको छ। तोकिएको भन्दा वढी कन्टिन्जेन्सीमा खर्च गर्नु कार्यविधिमा भएको व्यवस्थाको पालना नगर्नु हो । वढी कन्टिन्जेन्सी खर्च अनुत्पादनशिल क्षेत्रमा खर्च हुने भएकोले तोकिएको सीमा भन्दा वढी खर्च गर्ने जिम्मेवार कर्मचारीलाइ जवाफदेही वनाउनुपर्ने देखिन्छ। वढी कन्टिन्जेन्सी कट्टा गरी खर्च गरेको रकम अनियमित देखिएको रु
<table>
<tr><th>योजना नाम</th><th>खर्च देखाएको रकम</th><th>खर्च नभइ पालिकाको खातामा राखेको रकम</th><th>कन्टिन्जेन्सी खर्च भएको रकम</th><th>योजनामा खुद खर्च भएको रकम</th><th>कन्टिन्जेन्सीमा खर्च गर्न पाउने रकम</th><th>कन्टिन्जेन्सीमा वढी खर्च भएको रकम</th></tr>
<tr><td>डाडाँ गाउँ कल्छे सडक स्तरोउन्नती</td><td>१४९९२८५४</td><td>७१७००००</td><td>६४७६०६</td><td>७१७५२४८</td><td>२१५२५७</td><td>४३२३४९</td></tr>
<tr><td>धुलिखेल नयाँ बस्ती सडक स्तरोउन्नती</td><td>१४९९२६३७</td><td>१२९००००</td><td>११०७७३९</td><td>१२५९४८९८</td><td>३७७८४७</td><td>७२९८९२</td></tr>
<tr><td>जम्मा</td><td>२९९८५४९१</td><td>८४६००००</td><td>१७५५३४५</td><td>१९७७०१४६</td><td>५९३१०४</td><td>११६२२४१</td></tr>
</table></td><td>१,१६२,२४१</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>कर दाखिला नभएकोः
आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले हेल्दी विल्डर्स एण्ड सप्लायर्स प्रा लि लाइ धुलिखेल सभाहल निर्माणको लागि भौ नं ३७ वाट ४८११०१। भुक्तानी गरेको छ। उक्त भुक्तानीमा रु ६३८६। अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा उक्त रकम धरौटीमा राखेकोले सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.
साथै यसवाट धुलीखेल सभाहलमा आइरन एण्ड इलेक्ट्रिसिटीको काम गरेको छ। उक्त काम एकै प्याकेजमा गर्नुपर्नेमा अलग अलग निर्माण व्यवसायीवाट टुक्रा टुक्रा पारी काम गराउनु उचित समेत देखिएन। यसमा सुधार गर्नुपर्दछ।</td><td>६,३८६</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सौर्य सडक वत्ती जडानः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			धुलिखेल नगरपालिकामा सौर्य सडक बत्ति जडान कार्यको लागि रु २१८१५०६९। को लागत अनुमान तयार गरी मिति २०७८।२।२५ मा नेपाल पावर सोलुसनसँग रु २१७७३२८६। को संझौता गरेको देखिन्छ। यस वर्ष भौ नं ८६० वाट रु ७९९३७३०। भुक्तानी गरी कुल रु २१३६७६१६। को काम गरी कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ। जसमा रु ७३४५००। को ५५ वाटका ५० थान एलइडी स्ट्रिट लाइट खरिद भएको देखिन्छ भने रु ६६६७०००। को ५० वाटका ७०० थान एलइडी स्ट्रिट लाइट (अटो अन अफ फिचर भएको) खरिद गरेको देखिन्छ। परामर्शदातावाट डिजाइन तयार गरी दररेट माग गरी लागत अनुमान तयार गरेको र तत्कालिन अवस्थामा ७०२ वटा जडान भएकोमा हाल सवै जडान भएको पालिकाले जनाएको छ। उक्त लाइटहरु विद्युत पोलमा जडान भएको उल्लेख गरेको छ। त्रुटि सच्याउने अवधि ३६५ दिन रहेकोले उक्त सोलार लाइटहरु विग्रेको अवस्थामा मर्मत गराउनुपर्ने साथै उक्त सामग्रीको संरक्षण गर्नुपर्ने देखिन्छ।	
५३			**श्रीखण्डपुर सडक कालोपत्रेको कामः** यस कामको लागि मिति २०७८।३।२० भित्र सम्पन्न गर्नुपर्ने गरी मिति २०७८।२।९ मा जन आदर्श निर्माण सेवा सँग रु १८०५६८८०। को संझौता भएकोमा यसमा देखिएका व्यहोराहरु देहायअनुसार छन्ः **ढीला गरी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (३) मा कुनै कार्यको भुक्तानी गर्दा रीत पुर्वक कागजात प्राप्त भएको मितिले १५ दिनभित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने र समयमा भुक्तानी नगरेमा ऐनको दफा ५७ वमोजिम भुक्तानी नदिने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पचास हजार रुपैयासम्म जरिवाना गर्ने उल्लेख छ । यस कामको लागि मिति २०७८।३।२० भित्र सम्पन्न गर्नुपर्ने गरी मिति २०७८।२।९ मा संझौता भएकोमा समयमा कार्यसम्पन्न नभइ मिति २०७८।७।३० सम्म म्याद थप भएको देखिन्छ। पालिकाले उक्त अवधि भित्रै २०७८ कार्तिक २८ मा कार्यसम्पन्न गरेको भनि पालिकाले जानकारी गराएको तर अन्तिम भुक्तानी भौ नं ३७४ मिति २०७८।१०।११ मा ७३ दिन ढीला गरी भुक्तानी गरेको छ। वजेट समयमा नै पास भएको अवस्थामा समयमा भुक्तानी नदिनु भनेको पुर्व निर्धारित क्षतिपुर्ति नलगाउने/कम गर्ने अभिप्राय हुन सक्ने अवस्था देखिने हुँदा समयमा भुक्तानी गर्नुपर्ने र समयमा भुक्तानी नगर्ने जिम्मेवार पदाधिकारीलाइ जवाफदेही वनाउनुपर्ने देखिन्छ। **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (दशौं संसोधन) मा तोकिएको समयभित्र काम सम्पन्न नहुने	८७०,८८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अवस्थामा खरिद संझौताको म्याद सकिनु २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ५ मा खरिद संझौताको म्याद भित्र नै म्याद थपको निर्णय भइसक्नुपर्ने उल्लेख छ। साथै खरिद संझौताको ५० प्रतिशत भन्दा वढी अवधिको म्याद थप नहुने उल्लेख छ। तत्कालिन अवस्थाको खरिद नियमावलीको दशौं संसोधनको व्यवस्था अनुसार खरिद संझौताको ५० प्रतिशत भन्दा वढी अवधिको म्याद थप नहुने उल्लेख भएकोले शुरु संझौताको मितिले ४२ दिन रहेकोले म्याद थप हुँदा २१ दिन सम्म म्याद थप गर्न मिल्नेमा १३० दिन म्याद थप भएकोले नियमावलीमा भएको व्यवस्था भन्दा १०९ दिन वढीको म्याद थप भएको देखिएकोले १०९ दिनकोमुअकर वाहेकको संझौता रकम रु १५९७९५४०। को प्रति दिन ०.०५ प्रतिशतले हुने रु ८७०८८५।असुल गर्नुपर्ने रु . यस सम्बन्धमा छलफल हुँदा अर्थ मन्त्रालयको ०७८।५।२१ को परिपत्र अनुसार म्याद थप भएको कार्यालयले जनाएको छ। तर उक्त परिपत्रमा बन्दाबन्दीको अवधि अगाडी वा बन्दावन्दीको अवधिभित्र सम्झौता भएको हकमा बन्दावन्दीको कारण ढिलाई भएमा म्याद थप गर्न सक्ने प्रावधान भएको तर बन्दावन्दीको अवधिपश्चात ४२ दिनभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको हुँदा यस परिपत्र लागु हुने देखिँदैन । अतः थप प्रमाण भए पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।	
५४			**कर विजक भन्दा वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ र १२३ मा विल विजक र प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष शितलवस्ती तिनपिप्ले सडकको कामको लागि राहुल कन्स्ट्रक्सनलाइ भौ नं ७९८ वाट रु ३७९६२६०। भुक्तानी दिएकोमा रु ३६८५९५६। को मात्र कर विजक पेश गरेकोले विजक भन्दा रु ११०३०४। वढी भुक्तानी दिएको छ।उक्त रकम प्रोभिजनल समको भएको कार्यालयले जनाएको छ। तर विक्रेताले प्रोभिजनल समको समेतको विजक जारी गर्नुपर्ने र विजक वेगर विक्रेतालाइ भुक्तानी दिँदा निजले आय विवरणमा खर्च घटाउन पाउने तर आम्दानी नदेखाउने हुँदा निजले तिर्नुपर्ने आयकरमा कमी आउने भएकोले उक्त फरक रकम आगामी रनिङ विलमा मिलान गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.	११०,३०४
५५			**सडक निर्माणको टयाककोट कार्यमा बढी भुक्तानीः**	
५५.१			भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयान्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर	१,०८५,१००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएका नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा प्राइम कोटमा लाग्ने जति नै ट्याक कोटमा खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट गरेको क्षेत्रमा ०.५० देखि ०.६० लि मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा बढी भुक्तानी भएको रकम निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>निर्माण सेवा /उ स को नाम</th><th>प्राइम कोटको क्षेत्रफल</th><th>ट्याककोट दिएको (लिटर) ब मी</th><th>ट्याक कोट दिनु पर्ने (लिटर)</th><th>ट्याक कोट बढी लिएको लिटर</th><th>ट्याककोट को दर प्रति लिटर</th><th>मु अ कर समेत बढी भुक्तानी</th></tr>
<tr><td>३७४</td><td>श्रीखण्डपुर सडक कालोपत्रे</td><td>जन आदर्श निर्माण सेवा</td><td>८५१५.६९</td><td>८५१५.६९</td><td>५१०९.४१</td><td>३४०६.२८</td><td>११०.</td><td>४२३४००</td></tr>
<tr><td>८६१</td><td>सरस्वती वजार पिपलवोट सडक कालोपत्रे</td><td>जन आदर्श निर्माण सेवा</td><td>७८२२.०३</td><td>७८२२.०३</td><td>४६९३.२२</td><td>३१२८.८१</td><td>७५.</td><td>२६५१६७</td></tr>
<tr><td>२७८</td><td>शंखु वतासे सडक कालोपत्रे</td><td>जोशी जि कन्स्ट्रक्सन प्रा लि</td><td>६७१९.११</td><td>६७१९.११</td><td>४०३१.४७</td><td>२६८७.६४</td><td>१२०.</td><td>३६४४४५</td></tr>
<tr><td>८४२</td><td colspan="2">शाही टोल वाल तथा गणेशस्थान वाटो निर्माण उ स</td><td>४५५.२</td><td>४५५.२</td><td>२७३.१२</td><td>१८२.०८</td><td>१७६.२३</td><td>३२०८८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१०८५१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>भैरव मन्दिर के. यु. गेट सडक निर्माणः साथै प्रदेश पूँजीगत अन्तर्गत भौ.नं. ३८/०७९।३।१६ बाट भैरव मन्दिर के. यु. गेट सडक निर्माण उपभोक्ता समितिलाई रु.१९४००००।— भुक्तानी दिएकोमा track coat मा १ वर्गमिटरमा बढीमा ०.६ लिटर बिटुमिन दिनुपर्नेमा १.२२ लिटर प्रयोग गर्न गरी लागत अनुमान तयार गर्दा प्रति लिटर रु.६५.१५५८ ले बढी हुने गरी दर विश्लेषण गरेको छ । Track coat को काम ८३८.०८०८ वर्गमिटर भएकोमा प्रतिवर्गमिटर ६५.१५५८ ले बढी भुक्तानी भएको रु.५४६०६।— मा उपभोक्ताको योगदान कट्टा गरी खुद बढी भुक्तानी भएको रकम रु.४५३१२।- असुल गर्नुपर्ने रु.
साथै कालोपत्रे गर्ने काम उपभोक्ता समितिबाट गराउनु उचित समेत देखिएन ।</td><td>४५,३१२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमः** अन्तर सरकारी अख्तियारी अन्तर्गतको यस कार्यक्रमवाट पालिकाले १५ शैयाको अस्पताल निर्माणको लागि ड्रागन कमलजितशिवालय जेभी सँग मिति २०८०।३।१४ भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०७८।३।१४ मा रु १२,९०,८८,७८३।५० मा संझौता गरेको छ। जसमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन्ः	
५६.१			**संझौता भन्दा वढी पेश्की दिएकोः** यस कामको लागि पालिकाले आ व २०७७।७८ मा रु २ करोड ४९ लाख पेश्की दिएको जनाएको छ। पालिकाले संझौताको जिसिसि ५७.१ अनुसार मुअकरतथा प्रोभिजनल सम वाहेकको संझौताको वढीमा १० प्रतिशतले हुने रकम रु ११२९१०४२। मात्र पेश्की दिनुपर्नेमा संझौता विपरीत रु १३६०८९५८। वढी भुक्तानी भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद संझौता वमोजिमको काम त्यस्तो संझौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले वैंक जमानत रकम सम्वन्धित वैंकवाट प्राप्त गरी फछ्र्यौट गर्नुपर्ने र निजवाट त्यस्तो पेश्की रकमको शयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। यस कामको लागि पालिकाले निर्माण व्यवसायीलाइ भुक्तानी दिनुपर्ने भन्दा रु १३६०८९५८। पेश्की दिएकोले वढी रकमको फछ्र्यौट हुने मितिसम्मको १० प्रतिशत व्याज असुल गर्नुपर्दछ। **समयमा पेश्की फछ्र्यौट नभएकोः** यस वर्ष १०,१२,७९,७९३। भुक्तानी दिएकोमा कुल प्रथम ३ वटा रनिङ विलवाट रु ५७ लाख फछ्र्यौट भएको देखिन्छ भने चौथो रनिङ विलवाट रु १ करोड समेत कुल रु १ करोड ५७ लाख पेश्की फछ्र्यौट भएको देखिन्छ। संझौताको तुलनामा चौथो रनिङ विल सम्म ७८.४६ प्रतिशत भुक्तानी भइसक्दा समेत हालसम्म रु ९२ लाख पेश्की फछ्र्यौट गर्न वाँकी देखिन्छ। संझौताको शर्त अनुसार ३० प्रतिशत कटेपछि संझौतामा तोकेअनुसार २० प्रतिशतका दरले मासिक रनिङ विलवाट पेश्की कट्टा गरी ८० प्रतिशत भुक्तानी हुँदासम्म सवै रकम फछ्र्यौट गर्नुपर्नेमा तेश्रो रनिड विल सम्म रु ६४३६२८९४। अर्थात संझौता रकमको ४९.८६ प्रतिशत भुक्तानी हुँदा पेश्की रकमको ४० प्रतिशत अर्थात करीव रु १ करोड फछ्र्यौट गरिसक्नुपर्नेमा ५७ लाख मात्र पेश्की फछ्र्यौट गर्नु उचित देखिएन। संझौताका शर्तको पालना गर्नुपर्दछ।	
५६.२			**मुल्य समायोजनः** संझौताको जिसिसिको वुँदा नं ५३.७ मा मुल्य समायोजन भुक्तानीको सीमा वढीमा संझौताको १० प्रतिशत रहने उल्लेख छ । उक्त व्यवस्था अनुसार वढीमा १० प्रतिशतमात्र मुल्य समायोजन भुक्तानी गर्नुपर्नेमा पालिकाले तेश्रो तथा चौथो रनिङविल	२,३२२,६२८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भुक्तानी गर्दा १० प्रतिशत भन्दा वढीको फ्याक्टर प्रयोग गरी मुल्य समायोजन भुक्तानी गर्दा देहायअनुसार रु २३२२६२८। वढी भुक्तानी भएको छ। उक्त वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	

वास्तविक काम	पालिकाले गणना गरेको पेश्की कट्टा गरेपछिको रकम	भुक्तानी दिएको फ्याक्टर	मुल्य समायोजन भुक्तानी रकम	भुक्तानी हुनुपर्ने फ्याटर	भुक्तानी हुनुपर्ने रकम	वढी भुक्तानी
१६५९०६८६	१३२७२५४९	१.०८	१०७५०७६.५	१.०८	१०७५०७६.५	०
२०८४७९६३	१६६७८३७१	१.०९	१५०१०५३.४	१.०९	१५०१०५३.४	०
१९११०७९५	१५२८८६३६	१.१४	२०९४५४३.१	१.१	१५२८८६३.६	५६५६८०
३२६६९८२२	२६१३५८५७	१.१६	४१०३३२९.६	१.१	२६१३५८५.७	१४८९७४४
८९२१९२६६	७१३७५४१३		८७७४००२.६		६७१८५७९.२	२०५५४२३
मुअकर						२६७२०५
जम्माः						२३२२६२८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**कार्यसम्पादन जमानतको म्याद थप नभएकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा कार्यसम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा एक महिना वढी अवधिको हुनुपर्ने उल्लेखछ। कार्यालयवाट प्राप्त विवरण अनुसार देहायका ठेक्काको म्याद समाप्त भएकोमा म्याद थप भएकोमा सोही अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्नेमा थप गरेको छैन। अतः कार्यसम्पन्न गर्नुपर्ने म्याद वाट त्रुटि सच्याउने अवधिसम्मको कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु	२३,८४१,९००

निर्माण व्यवसायीको नाम	कामको विवरण	संझौता रकम	हालसम्मको भुक्तानी	काम शुरु गर्ने मिति	सम्पन्न गर्नुपर्ने मिति	म्याद थप	कार्यसम्पादन जमानत	कार्यसम्पादन जमानतको म्याद	आवश्यक कार्यसम्पादन जमानतको मिति
सोवर्ण भण्डारी विल्डर्स जेभी	देविस्थान पार्क	५३०४३०३१.१	२१५३६३६५	८/१६/२०७८	८/१५/२०७९	२०८०।१।१५	७५०२०००	११/१३/२०७९	२०८१।२।१५
यु एण्ड एस कन्स्ट्रक्सन	खावा कल्छे सडक	७८२३२८२.७	४२१४२३५	०७८/८/१६	०१/३०/२०७९	२०७९।६।३०	४०४५०००	०२२/११/२८	२०८०।७।३०
विजय यु	डाँडागाउँ	१९८७७६१७.९२	६६९७५७९	०९/०८/२०७८	२०७९/२/३०	२०७९।७।३०	७६६८०००	१/१७/२०२३	२०८०।८।३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

एण्ड यस भोटसिपा जेभी माझीफेदा	कल्छे सडक								
वासडोल नवोदित जेभी	खडपु चौकोट सडक पिच	२८८४२९०	१७१६९२७	०८/१६/२०७८	०३/३०/२०७९	२०७९।९।३०	१०२३०००	११/२७/२०२२	२०८०।१०।३०
तारा निर्माण सेवा ठिमी	श्रीखण्डपुर टिटमेन्ट प्लान्ट	७८३७८८१.९५	४०६३७७७	११/०९/२०७८	०३/०८/२०७९	२०७९।९।१०	१७३३०००	११/७/२०७९	२०८०।१०।१०
अमरज्योति कन्स्ट्रक्सन प्रा लि	धुलिखेल देविटार सडक	११६१९३६३.०८	२०५६०००	०२/२६/२०७९	०३/३०/२०७९	२०७९।९।३०	१८७०९००	५/२३/२०८०	२०८०।१०।३०
जम्मा							२३८४१९००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**मुर्ति खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५ लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औं संसोधन पश्चात १० लाख) को खरिद कार्य सोझै गर्न सकिने, नियम ८४ मा रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ मा सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् • पालिकाले मिति २०७८।५।९ मा भौ नं ३० वाट सरस्वती पार्कमा सरस्वती माताको ढलोटको प्रतिमा निर्माण कार्यमा रु ८०५०००। खर्च भएकोमा उक्त काम हारती मा हस्तकला वाट सोझै खरिद गरेको छ। नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। • भौ नं ६९८ वाट तुलाधर ह्याण्डीक्राफ्टवाट रु ९९३०००। को १३ फिट अग्लो तामाको नवदुर्गाको मुकुण्डो खरिद भएकोमा हालसम्म पनि जडान नभइ पालिका भित्र थन्किएर रहेको छ। उक्त प्रतिमा तोकिएको स्थानमा तत्काल राख्नुपर्ने देखिन्छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भौ नं ७५२ वाट वुद्द पार्क निर्माण उ स लाइ रु ११६९०६७। भुक्तानी गरेकोमा जसमा रु ७ लाखको १० फिटको वुद्दको मुर्ति मात्र रहेको देखिन्छ। सो को लागत अनुमान तयार गरेको छैन। यस सम्वन्धमा छलफल गर्दा लागत अनुमान तयार गर्ने जनशक्तिको अभाव रहेको जनाएको छ। पालिकाले लागत अनुमान तयार नगरी दर मात्र माग गरेर खरिद गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।	
५९			**प्राविधिक मुल्यांकन भन्दा वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा रकम भुक्तानी गर्नुपर्ने तथा नियम ९७ मा उपभोक्ताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका काममा प्राविधिक मुल्यांकन भएको रकममा उपभोक्ताको अंश कट्टा गरिसकेपछि भुक्तानी गर्नुपर्ने रकम भन्दा वढी भुक्तानी गरेकोले वढी भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु	२१५,९२५

भौ नं	उपभोक्ता समितिको नाम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	वढी भुक्तानी
१४	स्वास्थ्य चौकी भु छे छे सडक निर्माण उ स पुनपा ११ (गत वर्ष रु ३३२५०० तथा यस वर्ष रु ७४५२४६ भुक्तानी भएको)	१०७५३०६	१०७७७४६	२४४०
१२	सिउडीखोला पुल निर्माण उ स धुलीखेल १० - गत वर्ष ३६०३४१५। तथा यस वर्ष रु ५७८२५८। भुक्तानी भएको, कुल काम रु ३८४३१५९। भएकोमा कुल लागत अनुमान रु ५२८१६७३। भएकोमा काम घटेको कारण रु ८८२०००। को जनसहभागिता हुनुपर्नेमा ६७४१५९। मात्र जनसहभागिता गरेकोले सो समेत मिलान गर्दा रु ३९७५१५९। खुद भुक्तानी हुन गई रु १३२०००। वढी भुक्तानी गरेको			१३२०००
९	आइतवारे मुहान खानेपानी योजना धुलिखेल — गत वर्ष रु ६१२०००। तथा यस वर्ष ११७१७३०। भुक्तानी भएको	१७३२५८०	१७८३७३०	५११५०
७१०	आकाश जनरल सप्लायर्स (फर्म)	१९३२९८	१९९६००	६३०२
३३९	भकुण्डे हिम पाइप उद्योग	१९५५४६	१९७७६२	२२१८
७९७	शुभ श्री निर्माण सेवा (कन्टिन्जेन्सी समेत भुक्तानी भएको)	८१७८७७	८९३६९२	२१८१५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**ओपिसीको सट्टामा पिपिसी सिमेन्ट प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता सँग संझौता गर्नुपर्ने र उपभोक्ता समितिले संझौता अनुसार काम गर्नुपर्दछ। पालिकाले अघोरीवावा मार्ग मन्दिर तथा ट्रस निर्माण उ स लाइ भौ नं ७५ वाट रु ८०५१००। भुक्तानी दिएको छ। जसमा ओपिसी सिमेन्ट प्रयोग हुने गरी जिल्ला दररेट अनुसार मुअकर समेत रु ८५८।८० प्रति वोराको दरले लागत अनुमान तयार गरेको तर खरिदका विल भर्पाइ परिक्षण गर्दा प्रति वोरा मुअकर समेत रु ४६४।४३ को दरको ३९७ वोरा पिपिसि सिमेन्ट प्रयोग गरेको देखिन्छ। जसले गर्दा एकातर्फ लागत अनुमानमा वढोत्तरी आएको छ भने अर्कोतर्फ गुणस्तरमा संझौता गर्नुपरेको छ। अतः खरिद गरेको विल भन्दा प्रति वोरा रु ३९४।३७ को दरले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१५६,५६५
६१			**वाटो खन्ने काममा मेनुअल नर्म्स प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गरी काम गर्नुपर्ने उल्लेख छ। पालिकाले तारेगौडा छाँगे सडक उ स लाइ भौ नं ७८० वाट रु ७४८५६०। भुक्तानी गरेको छ। जसमा कुल ६८१.७५ घ.मि. माटो खन्ने कामको लागि मेनुअल नर्म्स प्रयोग गरी प्रति घनमिटर रु ३९१। को दर प्रयोग गर्दा रु २६६५६४। को मुल्यांकन भएको छ। तर वाटो खन्ने काम मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको अवस्थामा प्रति घनमिटर रु ७४.२४ को दरले रु ५०६१३। मात्र भुक्तानी भई रु २१५९५१। वचत हुने देखिन्छ। वाटोको काममा एक्साभेटर जाने हुँदा मेशिनको प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नुपर्नेमा नगरेको कारण थप व्ययभार परेको छ। यस सम्वन्धमा छलफल गर्दा धेरै टाढा र विकट क्षेत्रमा मेनुअल नर्म्स प्रयोग गरेको पालिकाले जनाएको छ। मितव्ययीतालाइ ध्यान दिइ लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ।	
६२			**खरिद भन्दा वढीको मुल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले दारिमवोट काभ्रे खा पा उ स धुलीखेललाइ रु २९८१९६०। भुक्तानी गरेको छ। जसमा २५ एम एम को १० केजी प्रेसरको १८०० मिटर एचडिपी पाइप प्रति मिटर रु ५८।२१ को दरले रु १०४७७८। को काभ भएको भनि प्राविधिक मुल्यांकनमा देखाएको तर खर्चका विल परिक्षण गर्दा उक्त साइजको पाइप १ हजार मिटर मात्र खरिद भएको देखिएकोले खरिद भएको भन्दा ८००	४६,५६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मिटर वढीको प्राविधिक मुल्यांकन भएको रकम असुल गर्नुपर्ने रु	
६३			**खरिद भन्दा वढीको मुल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले खावा ठुलीटार कल्छे सडक उ स धुलीखेललाइ भौ नं १०३ वाट रु ७०३०००। भुक्तानी गरेको छ। जसमा २*१*१ को ४४ थान जालीको रु २६६१। को दरले मुअकर समेत थप गरी रु १३२३०५। को प्राविधिक मुल्यांकन गरेकोमा उपभोक्ता समितिले पेश गरेको विजक अनुसार प्रति जाली रु २४७७।८८ मा मुअकर थप गरी रु १२३२००। मात्र भुक्तानी गरेकोले खरिद गरेको रकम भन्दा रु ९१०५। वढीको प्राविधिक मुल्यांकन गरेकोले उक्त वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	९,१०५
६४			**विल भन्दा वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले वानियाछाप सडक निर्माण उ स धुलिखेललाई रु ५८३७२०। भुक्तानी गरेको छ। जसमा माटो खन्ने कामको लागि रु ४५५२३९। को प्राविधिक मुल्यांकन भएकोमा रु ३५०३५६। मात्रको डोजर प्रयोग भएको खर्चका विल पेश भएको हुँदा मुल्यांकन भन्दा रु १०४८८३। कमको विल पेश भएकोले उक्त रकमको मुअकर रु १२०६६। वढी भुक्तानी भुक्तानी भएको छ। वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	१२,०६६
६५			**उपभोक्ताको योगदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहीले गर्नुपर्ने योगदान समेत राखी संझौता गरी कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले आइतवारे मुहान खा पा योजना धुलिखेलको लागि रु २२६८९६२। को लागत अनुमान तयार गरी कार्यालयले रु १९४००००। (कुल लागत अनुमानको ८५.५० प्रतिशत) दिने गरी संझौता भएकोमा कुल काम रु २०२१४९७। को काम भएकोमा सो को ८५.५० प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा रु १७६९२७२। भुक्तानी गरी संझौतामा उल्लेखित अनुपात रकम भन्दा रु ४०८९५। वढी भुक्तानी गरेको देखियो। संझौता गरेकोमा कार्यसम्पन्न हुदा आनुपातिक कट्टी नगरी वढी भुक्तानी दिएको देखिएकोले संझौताको अनुपातमा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.	४०,८९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहीले गर्नुपर्ने योगदान समेत राखी संझौता गरी कार्य गर्नुपर्ने उल्लेख छ ।पालिकाले गौखुरेश्वर टोल विकास संस्था धुलिखेल नपा सँग रु १०७९७२२। को लागत अनुमान तयार गरी कार्यालयले रु ६७९०००। (कुल लागत अनुमानको ६२.८९ प्रतिशत) दिने गरी संझौता भएकोमा कुल काम रु ४०७२३५। को काम भएकोमा सो को ६२.८९ प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा भौ नं ८४५ वाट रु २६४७०२। भुक्तानी गरी संझौतामा उल्लेखित अनुपात रकम भन्दा रु ८६०६। वढी भुक्तानी गरेको देखियो। संझौता गरेकोमा कार्यसम्पन्न हुदा आनुपातिक कट्टी नगरी वढी भुक्तानी दिएको देखिएकोले संझौताको अनुपातमा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु	८,६०६
६७			**उपभोक्ताको योगदानः** पालिकाले उपभोक्ता समितिवाट हुने काम कारवाहीलाई व्यवस्थित गर्न एक कार्यविधि वनाएको छ। उक्त कार्यविधिमा उपभोक्ताको योगदान पालिकाले छुट्याएको वजेटको २० प्रतिशत हुने उल्लेख छ। उपभोक्ताको योगदान कुल लागत अनुमानको २० प्रतिशत हुने उल्लेख गर्नुपर्नेमा पालिकाले छुट्याएको वजेटको २० प्रतिशत हुने उल्लेख भएकोले अधिकांश योजनामा कुल कार्यसम्पन्न रकमको तुलनामा उपभोक्ताको योगदान १७ प्रतिशतमा सीमित हुन पुगेको छ। यसमा सुधार गरी लागत अनुमानका आधारमा प्रतिशत निर्धारण गरी उपभोक्ताको योगदानको अंश समावेश गर्नुपर्ने देखिन्छ।	
६८			**खर्चका प्रमाण वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। पालिकाले गौखुरेश्वर सामुदायिक वन उपभोक्ता समितिलाई भौ नं ८२८ वाट रु ४ लाख ८० हजार भुक्तानी गरेको छ। उक्त सामुदायिक वनसँग पालिकाले गरेको संझौतामा मासिक ६० हजारको दरले ८ महिनाको लागि भुक्तानी गर्ने उल्लेख भएअनुसार भुक्तानी गरेको छ। उक्त भुक्तानी सरसफाई, हजार सिँढीको संरक्षण तथा दैनिक पुजी व्यवस्थापनको लागि अनुदान आदिमा खर्च हुने उल्लेख भएको र सरसफाइको लागि १ वन हेरालु र सरसफाईको लागि ३ कर्मचारी राखिनुपर्ने र कर्मचारीको विवरण पालिकामा उपलव्ध गराउनुपर्ने उल्लेख भएकोमा उक्त अभिलेख राखेको छैन भने खर्चका विल भर्पाइ समेत माग गरेको छैन। अतः खर्चका प्रमाण पेश गर्नुपर्ने रु .	४८०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**जटिल प्राविधिक काम उपभोक्ता समितिमार्फत गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । पालिकाले भौ नं ८८० वाट फस्कोट एकीकृत खा.उ.स. गठन गरी डिप ट्युववेलको कामको लागि रु २९८२६६०। को संझौता गरी रु २४३९७३६। भुक्तानी दिएको छ। जसमा उपभोक्ता समितिले शत प्रतिशत काम निर ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा लिवाट गराइ उक्त प्रालिलाइ रु २४१२१७०। भुक्तानी गरेको छ। उपभोक्ता समितिलाइ प्राविधिक ज्ञान नहुने अवस्थामा जटिल काम उपभोक्तालाइ दिनु उचित देखिएन भने नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समितिले गरेको काम निर्माण व्यवसायीवाट गराउन नहुने प्रावधानको विपरित समेत देखिन्छ। डिप वोरिङ्ग र स्यालो ट्युवेल जस्तो जटिल प्राविधिक पक्ष समावेश भएको कार्य प्राविधिक ज्ञान सीप भएका विज्ञ वा निर्माण सेवा वाट नगराई उपभोक्ता समिति मार्फत गराउनु कानुनत मिल्ने देखिदैन । यस्ता कार्यहरु उपभोक्ता समिति मार्फत गराउदा काममा प्रतिस्पर्धा नभई मितव्ययिता नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने देखिन्छ । उपभोक्ता समितिको नाममा हुने यस प्रकारका कार्यमा पूर्ण रुपमा पावर ड्रिलिंग कम्पनीको संलग्नतामा मेशिन प्रयोग गरेर मात्र सम्पन्न गर्ने तथा स्थानीय श्रम तथा सामग्री प्रयोग एवं स्थानीय रोजगारी समेत सृजना नहुने यस प्रकारका कार्य ऐन तथा नियमको प्रतिकुल देखिन्छ । ऐन तथा नियमको प्रतिकुल हुने गरी गरीने यस्ता कार्य पूर्णतः नियन्त्रण गरिनु पर्दछ ।	
७०			**उपभोक्ता समितिको खरिद विलमा फरक तथा घटी मू.अ.करः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति मार्फत भएको कामको अन्तिम विल भुक्तानी गर्दा प्राबिधिक मूल्याङ्कनको आधारमा आवश्यक पर्ने निर्माण सामाग्रीहरु सिमेन्ट, इटा, मेशीन प्रयोग आदिको परिमाण भन्दा घटि परिमाणमा वा घटी दरमा खरिद गरेको विल कतिपय उपभोक्ता समितिले पेश गरेको देखिन्छ। नमुना परीक्षणको विधिबाट स्रेस्तापरीक्षण गर्दा सिमेन्टमा पालिकाले रु ७६० मा मुअकर थप गरेको छ भने इट्टामा मुअकर समेत रु १६.९५ को दर राखेको छ तर उपभोक्ता समितिले कम दरमा खरिद गरेको देखिन्छ। जसले गर्दा आपुर्तिकर्ताले राज्यलाइ तिर्नुपर्ने मुअकर तथा आयकरको मात्रामा कमी आएको तथा न्युन विजकिकरण समेत भएको छ भने मू.अ.कर विलको परिमाण घटी हुँदा गुणस्तरमा सम्झौता हुन सक्ने अवस्था छ। अतः पालिकाको लागत अनुमान भन्दा देहायअनुसार रु ४४९१४३। को घटी विजक	४४९,१४४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

(जसवाट रु ५१६७१। मुअकर मात्र वढी भुक्तानी भएको) पेश गरेकोले उक्त फरक रकम असुल गर्नुपर्ने रु .

भौ.नं.	योजना/ उपभोक्ता समितिको नाम	विवरण	खरिद सामग्री	मूल्याङ्कन अनुसार हुनुपर्ने परिमाण	मुल्यांकन अनुसारको दर (मुअकर समेत)	मुल्यांकन अनुसार आवश्यक कर विजक	उपभोक्ताले पेश गरेको विजक	उपभोक्ताले पेश गरेको खरिदको दर	वढि भुक्तानी	फरक रकमको मुअकर
५१	वि पि राजमार्ग शारदा वतासे सडक निर्माण उ स	स्टील रेन्स्फोर्समेन्ट	डण्डी	३७२५.५	११६.२९	४३३२३८	३९८६४०		३४५९८	३९८०
		पिसिसि एम १५ १२३।०३ घमि	सिमेन्ट	६७७.५३	८५८.८	५८१८६०	६२९८०१	७०८	१०२४१५	११७८२
७६	अघोरी मार्ग टोल सुधार समिति ४	पिसिसि एम १५ १८१।६७ घमि	सिमेन्ट	१०००.४६	८५८.८	८५९१९२	८२९८६२	७५४	१०४४२८	१२०१४
३४१	फस्कोट साविक ८ मो वाटो मर्मत उ स	स्टील रेन्स्फोर्समेन्ट	डण्डी	२७३५.२९	११६.२९	३१८०८७	२१८५१०.९३	१००	९९५७६	११४५६
८९०	चापापोखरी पार्क निर्माण उ स धुलिखेल	ब्रिक वर्क २४।४१ घमि	इट्टा	१३६६९.६	१६.९५	२३१७००	१२६५६०	९.०४	१०८१२७	१२४३९
									४४९१४४	५१६७१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			**कालोपत्रेको काम उपभोक्ता समितिमार्फत गराएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । पालिकाले भौ नं ८४२ वाट शाही टोल वाल तथा गणेशस्थान वाटो निर्माण उ स गठन गरी सडक कालोपत्रे गर्ने कामको लागि रु ११७०,०००। भुक्तानी दिएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभै मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनको उद्धेश्यको प्रतिकुल समेत देखिन्छ। कालोपत्रे जस्तो प्राविधिक ज्ञान आवश्यक पर्ने काम उपभोक्ता समितिमार्फत काम गराउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।	
७२			**लेइङ नगरेको:**	
७२.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले सिउडीखोला पुल निर्माण उ स धुलीखेल १० लाइ गत वर्ष समेत कुल रु ३८४३१५९। को काम भएकोमा उक्त रकम भौ नं १२ लगायतवाट भुक्तानी गरेको छ। जसमा विभिन्न ६ प्रकारका देहायका एचडिपी पाइप खरिद गरेकोमा जडान भएको देखिदैन। उकत पाइपहरु लेइङको लागि संझौतामा रु ६०३२७६। को वजेट राखेकोमा काम नै नगरेको कारण भुक्तानी नभएको अवस्था छ। पाइपहरु जडान नै नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा यस योजना क्रमागत भएकोले आ.व. २०७९।८० मा उक्त पाइपहरुमध्ये अधिकांश पाइपहरु लेइङ भएको जनाएको छ। समयमा लेइङ गर्नपर्दछ । यस आ.व. मा लेइङ नभएका पाइपहरुको विवरण यसप्रकार छ ।	

पाइपको विवरण	खरिदको परिमाण (मिटर)	प्रति मिटर दर	रकम
७५ एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	७७३	५१३.४८	३९६९२०
६३ एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	२५३४	३५५.६७	९०१२६८
५० एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	७३५	२२९.३७	१६८५८७
४० एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	२१००	१४८.११	३११०३१
३२ एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	७८५	९६.२४	७५५४८
२० एमएम डाय १० केजी प्रेशर एचडिपी पाइप	३५००	३८.६१	१३५१३५
जम्मा	**१०४२७**		**१९८८४८९**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२.२			साथै भौ नं ९ वाट आइतवारे मुहान खानेपानी योजना धुलिखेललाइ गत वर्ष रु ६१२०००। तथा यस वर्ष ११७१७३०। समेत कुल रु १७८३७३०। भुक्तानी भएको छ। यस काममा ६३ एम एम डाय १० केजी प्रेशरको रु १६४५५०। को ४५० रनिङमिटर एचडिपी पाइप खरिद गरेकोमा उक्त पाइप समेत खन्ने पुर्ने काम भएको देखिदैन। अतः उक्त पाइप जडानको प्रमाण पेश गर्नुपर्ने रु.	१६४,५५०
७३			**दोहोरो परेका लाभग्राहीः** कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ । एम आई एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम, नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने र दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु.	२४६,३८४

वडा नं.	परिचयपत्र नं.	लाभग्राहीको नाम	चौथो त्रैमासमा जम्मा	बर्षभरीको जम्मा
६	१९९९०८१५००५८१ १९९९०८१५०४६५८	Chuni Lal Shrestha	१२०००	४८०००
६	२००४१२३३७१२५४ २००४०१०१४३०९७	Krishna Gopal Shrestha	१२०००	४८०००
६	१९९३०२०५००३१५ १९९३०२०५०२८६५	LaXmi Maya Shrestha	१२०००	४८०००
८	१९९९०४०१२०१४१ १९९९०४०१०९७६३	Maeli Tamang	१२०००	४८०००
९	२०७७०४१३०९००२ २०७७०४१३०९२२६	Ritu Mijar	१५९६	६३८४
११	२००११२३०३९९६४ २००११२३०३८१५६	Thulikanchhi Tamang	१२०००	४८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**आन्तरिक आयः** **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :** • **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ। • **व्यवसाय करः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र व्यापार, व्यबसाय वा सेवामा पुँजीगत लगानीर आर्थिक कारोबारको आधारमा व्यबसाय कर लगाउन सक्ने ब्यवस्था छ । पाँलिकाले आफ्नो क्षेत्राधिकार भित्र कति व्यवसाय रहेका छन तथा कति दर्ता र नविकरण भएका छन सो को अभिलेख राखेको छैन । दर्ता भएका व्यवसायहरुको पुर्ण रुपमा अभिलेख राखी कर संकलन गर्न तथा दर्ता नभएकालाइ दायरामा ल्याउन तदारुकता देखाउनुपर्ने तथा प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ । • **घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा पालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने उल्लेख छ । कार्यालयले वहाल कर सम्बन्धमा घरधुरीसर्वेक्षणगरी घर वहालमा लगाउने घरधनिको तथ्यांक संकलन नगरेकोले यसमा ध्यान दिइ आन्तरिक श्रोतमा वृद्दि गर्नुपर्ने देखिन्छ।	
७५			**आन्तरिक आयको अनुमान तथा प्राप्तीः** पालिकाको कुल आन्तरिक आयको अनुमान (गत वर्षको मौज्दात समेत) रु २२,९९,५९,०००। रहेकोमा कुल जम्मा रु.१४,६८,८५,३७४.२६ प्राप्ती भई लक्ष्यको तुलनामा ६३.८७ प्रतिशत मात्र आम्दानी प्राप्त भएको छ भने गत वर्षको मौज्दात वाहेक यस वर्ष रु ६ करोडको लक्ष्य राखेकोमा लक्ष्यको १०१.१८ प्रतिशत प्रगति हासिल भएको देखिन्छ । तर केही शिर्षकमा लक्ष्य	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुसार प्रगति नभएकोमा लक्ष्य अनुसारको प्राप्ति नभएका केही शिर्षकहरु देहायअनुसार रहेका छन्। निर्धारित लक्ष्य प्राप्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।	

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)
११३२२ वहाल विटौरी कर	२००००००	१०९३६५४	५४.६८
११४५१ सवारी साधन कर (साना सवारी)	१०००००	०	०
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	७०००००	४७६०००	६८
१४२२१ न्यायिक दस्तूर	५०,०००	११,४९०	२२.९८
१४२४१ पार्किङ्ग शुल्क	१८०००००	२९२४६०	१६.२५
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	४०००००	०	०
१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	१०००००	०	०
१४३१३ धरौटी सदरस्याहा	१०००००	४६,१२०	४६.१२
१५१११ बेरूजू	५०००००	८८,५००	१७.७
जनसहभागिता	२५००००००	१२९६३१५८	५१.८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**सोझै खरिदः** सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५ लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औं संसोधन पश्चात १० लाख) को खरिद कार्य सोझैगर्न सकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिएकोले कानूनमा भएको व्यवस्था विपरीत सीमा भन्दा बढीको रकम सोझै खरिद गरेको रकम नियमसंगत देखिएन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td colspan="3">मेशिनरी औजार तर्फः</td><td></td></tr>
<tr><td>२०७८/०६/२२</td><td>६६</td><td>सोबिग इन्फोसिसलाई कम्प्युटर खरिदको रकम भुक्तानी</td><td>४८९,००७.</td></tr>
<tr><td>०७८/०८/२२</td><td>२२१</td><td>रियानो इन्टरप्राइजेजलाई ल्यापटप खरिदको रकम भुक्तानी।</td><td>४८९४००</td></tr>
<tr><td colspan="2" rowspan="2">अन्तरसरकारी अख्तियारीको कन्टिन्जेन्सीवाट</td><td>इन्फर्मेशन टेक्नोलोजि व्रिज नेपाल प्रा लिवाट ल्यापटप, क्यामेरा आदि खरिद</td><td>८७५७९४</td></tr>
<tr><td>माइक्रोन इन्फोसिसवाट प्रति थान रु १२१८७५। को ८ थान डेल मनिटर</td><td>९७५०००</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>२,८२९,२०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अध्ययन अनुसन्धानः
धुलिखेल नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनको लागि रु ४७५७८६। तथा नागरिक मत सर्वेक्षण २०७८ (people’s perception on Dhulikhel Municipality) को लागि रु ४९५०००। भुक्तानी गरेको छ। उक्त काम पालिकावाट नै हुन सक्ने अवस्थाको एकिन नगरी वाह्य परामर्शदातावाट गराएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख भएकोमा सो को एकिन वेगर वाह्य परामर्शसेवा खरिद गरी रकम भुक्तानी दिनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>विज्ञापनमा खर्च
पालिकाले खर्च गर्दा मितव्ययीता अपनाउनुपर्दछ। पालिकाले विभिन्न वोलपत्रहरुको सुचना लागतयको विज्ञापन नेपाल समाचारपत्र लगायतमा सुचना प्रकाशन गरेकोमा सो को लागि थेम्स मिडिया प्रा लि लाइ १५ प्रतिशत छुटमा भौ नं ३, ६२, २०० आदिवाट रु ६९६,५५५। भुक्तानी गरेको छ। पनौती नगरपालिकाले सुचना प्रकाशनको लागि दरभाउपत्र माग गर्दा ८० प्रतिशतको औषतमा छुट लिइ विज्ञापन गरेकोमा यस पालिकाले समेत दरभाउपत्र माग गरीउक्त छुट लिएको अवस्थामा रु ५३२६६०। छुट हुन सक्ने देखिएकोले पालिकाले प्रतिस्पर्धा गराई छुटको उपयोग गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>विरुवा वितरण नभएकोः
बजेट खर्च गर्दा मितव्ययी तथा उपयोग हुने किसिमले गर्नुपर्दछ । गो भौ नं. ९०२, २०७९।३।२८ बाट राजन कुमार श्रेष्ठलाई</td><td>३००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बिरुवा उत्पादनको लागि रु.३०००००।– भुक्तानी भएको छ । विभिन्न प्रजातिका २०००० बिरुवा उत्पादन गर्ने प्रयोजनको लागि डिभिजन वन कार्यालयबाट रु.३४००००।– र धुलिखेल नगरपालिकाबाट रु.३०००००।– को लागत साझेदारीमा नगरपालिका कार्यालयको परिसरमा रहेको ग्रिन हाउसमा विरुवा उत्पादन भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त विरुवाहरु ग्रिन हाउसमै रहेकाले र उक्त विरुवा उत्पादनमा गरेको लगानी खेर जाने अवस्थामा रहेको देखिन्छ । उद्देश्य अनुसार उक्त विरुवाहरुको वितरण तथा रोपण हुनुपर्ने रु.	
८०			**निर्देशिकाभन्दा बढी भुक्तानी-** कार्यालयले लागत अनुमान तयार गर्दा नर्म्समा भुक्तानीको निर्देशिकाबमोजिम श्रमिकको दररेट रु.५७७।– (पुषसम्मको लागि रु ५७७। सम्म दर राख्नुपर्ने) राखी लागत अनुमान तयार गर्नुपर्नेमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा जिल्ला दररेटमा लागत अनुमान तयार गरी सोही बढी दररेटमा भुक्तानी दिएको हुँदा उक्त कामको लागि लाग्ने म्यानडेजभन्दा बढीको भुक्तानी गरेकाले सम्बन्धितलाई जिम्मेवार बनाई तपसिलबमोजिमका रोजगार उपभोक्ता समितिलाई बढी भुक्तानी गएको रु.	२५०,१५७

गोश्वारा भौचर नं.	रोजगार उपभोक्ता समिति	वडा नं.	आइटम	भुक्तानी दिएको दर	भुक्तानी दिनुपर्ने	बढी दर	परिमाण	बढी भुक्तानी
६१, २०७८।९।२६	वडा नं ११ मा सरसफाइ	११	माटो खन्ने कार्य	७८२.८०	५९४.३१	१८८.४९	१४१.७५	२६७१८
६५, २०७८।९।२८	वडा नं ७ मा सरसफाइ	७	झाडी फाँडने काम	७.८२	६.२६	१.५६	७८२२.	१२२०२
६५, २०७८।९।२८	वडा नं २ मा सडक र ड्रेन सरसफाइ		पहिरो पन्छाउने काम	३९१.००	३१२.७२	७८.२८	१६६.२	१३०१०
	वि पि राजमार्गदेखि चण्डेश्वरी सिँढी निर्माण		श्रमिक ज्याला	७६०.००	५७७.००	१८३.	२५८.७	४७३४२
२६०, २०७८।९।२८	राजन स्मृति तथा हरियाली पार्क		श्रमिक ज्याला	७६०.००	५७७.००	१८३.	८२४.५	१५०८८४
			कुल जम्मा					२५०१५७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**वढि भुक्तानी भएको:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख	५०,४६३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ।यसमा देखिएका व्यहोरा देहायअनुसार छन्:
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>पालिकाले गो भौ नं. २३ २०७९।२।३० बाट बालज्योति आ वि लाई दिएको पेश्की रु.१८ लाख फस्यौंट भएको छ। विद्यालयसँग भएको सम्झौता बमोजिम ल ई रु.१८१००३७।— मा कन्टिन्जेन्सी रु. ५४०००।— कटाई रु.१७५६०३७।— भुक्तानी गर्ने सम्झौता भएकोमा सम्झौताभन्दा बढी अर्थात रु.१८ लाखको पेश्की फस्यौंट गरेकाले बढी भुक्तानी गरेको रु.४३९६३।— असुल दाखिला गर्नुपर्ने रु.</td><td>४३९६३</td></tr>
<tr><td>गो भौ नं. ४४ २०७९।३।३० बाट हनुमान मा वि लाई दिएको पेश्की रु.१८ लाख फस्यौंट भएको छ । विद्यालयसँग भएको सम्झौता बमोजिम रु.१७९३५००।—भुक्तानी गर्ने सम्झौता भएकोमा सम्झौताभन्दा बढी अर्थात रु.१८ लाखको पेश्की फस्यौंट गरेकाले बढी भुक्तानी गरेको रु.६५००।— असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>६५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>कल्याण कोषः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा गत वर्षदेखिको मौज्दात रु.१५८३३५१।— रहेकोमा नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२००००००००।— एकमुष्ट ट्रान्सफर गरेको छ भने उक्त रकमबाट विभिन्न ४ जना कर्मचारीको अवकाशपछिको सुविधामा रु.१४२४९८९५।— खर्च गरेको छ । त्यस्तै गत विगतदेखिको विभिन्न कर्मचारीहरुलाई कल्याणकोषबाट रु.६६५२५३६।— पेश्की दिएकोमा उक्त पेश्की फस्यौंट भएको छैन । उक्त पेश्की फस्यौंट गर्नुपर्दछ । कर्मचारी कल्याण कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । नगरपालिकाले ऐनको व्यवस्था अनुरुप रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नुपर्दछ । कल्याण कोषको रकम कार्यविधि निर्माण गरी कार्यविधिबमोजिम खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>दायित्व कट्टी नभएकोः
आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम कर, मुल्य अभिवृद्दि कर ऐन अनुसार मुअकर तथा सार्वजनिक खरिद नियमावली,</td><td>११५,४८७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०६४ को नियम १२३ मा धरौटी कट्टा गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले सपिङ कम्प्लेक्स निर्माणको लागि भौ नं २६ वाट नव आदर्श निर्माण सेवा लाइ रु ९ लाख भुक्तानी दिइ सवै रकम पेश्की फछ्यौंट गरेको छ। संझौताको ८० प्रतिशत भुक्तानी हुँदा सम्म पुरै पेश्की भुक्तानी दिनुपर्नेमा पेश्की रु ९ लाख वाँकी रहेको तर भुक्तानी दिनुपर्ने रु ७७००२६। मात्र भएकोले वाँकी रकम दाखिला गरी रु ९ लाखको पेश्की फछ्यौंट गरेकोले उक्त भुक्तानीमा कट्टा गर्नुपर्ने अग्रिम कर रु ११९४७।, मुअकर रकम रु ३१०६२। तथा धरौटी रु ३९८२३। छुट भएको छ। अतः उक्त अग्रिम कर रु११९४७। दाखिला गर्नुपर्ने तथा रु १०३५४०। को मुअकरको समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु	
८४			**कर कट्टी कम भएको:** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क वापत रकम भुक्तानी गर्दा १५ प्रतिशत (मुअकरमा दर्ता भएकोलाई १.५ प्रतिशत) कर कट्टा गर्नुपर्ने उल्लेख छ। पालिकाले ५० जनालाइ १५ दिने ड्राइभिङ तालिमको लागि श्री कृष्ण मोटर ड्राइभिङ ट्रेनिङ सेन्टरलाई भौ नं १५४ वाट रु २४९७५०। भुक्तानी गरेकोमा मुअकरमा दर्ता नभएको विल पेश गरेकोले १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा रु ३७४६। मात्र कर कट्टा गरेकोले वाँकी कर रु ३३७१७ । असुल गर्नुपर्ने रु .	३३,७१७
८५			**अनुगमन भत्ता भुक्तानी:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा दिइने भत्ताहरुको व्यवस्था गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने गरी कानुनमा व्यवस्था गरेको देखिदैन। साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि विभिन्न जनप्रतिनिधि तथा कर्मचारीलाइ देहायअनुसार भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले एक कार्यविधि तथा पटके निर्णयका आधारमा भत्ता वितरण गरेको छ । संविधानमा वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख भएकोमा संघीय कानूनमा यस्तो भत्ताको कतैपनि व्यवस्था नभएकोमा अनुगमन भत्ता वापत भुक्तानी गर्नु अनियमित देखिएको रु .	९१८,०००

भौ नं	विवरण	भत्ता रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९</td><td>योजना अनुगमन टोलीको अनुगमन भत्ता वापत रकम भुक्तानी (जनप्रतिनिधि तथा कर्मचारी समेत) ।</td><td>४२१५००</td></tr>
<tr><td>७६१ (चालु)</td><td>विभिन्न योजना अनुगमन भनि जनप्रतिनिधि र कर्मचारी गरी ३० जनाको भत्ता</td><td>४९६५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९१८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>राष्ट्रिय परिचयपत्र व्यवस्थापनमा खर्चः
राष्ट्रिय परिचयपत्र वितरण कार्यका लागि फोटो खिचाउने काममा भौ नं ४६ तथा ५४ वाट रु ४ लाख २७ हजार खर्च भएको छ। उक्त रकम खाजा खाना आदिमा खर्च भएको छ। परिचयपत्र वितरणको काम गर्ने कर्मचारीलाइ निश्चित तलव भत्ता व्यवस्था भएकोमा खाजामा समेत रकम खर्च गर्नु उचित देखिएन भने उक्त कार्यक्रम पुजीगत खर्च शिर्षकको साना तथा आकस्मिक योजना कार्यक्रमवाट भएको देखिन्छ। पुजीगत खर्चवाट दिर्घकालीन प्रकृतिको पूँजी श्रृजना गर्ने काममा खर्च गर्नुपर्नेमा चालु प्रकृतिको काममा रकम खर्च गर्नु उचित देखिएन । साथै खर्चका प्रमाणमा परिचयपत्र कति वन्यो सो को अभिलेख छैन, कति जनाको फोटो खिचाइयो तथा कति दिन उक्त काम भयो भन्ने विवरण छैन । खर्च भएको रकम र खाजा खानाका विल मात्र संलग्न छ। खर्च गरिसकेपछि उपलव्धी समेत खुल्ने प्रमाण कागजात संलग्न गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>रासायनिक मल खरिदको लागि अनुदानः
पालिकाले यस वर्ष रासायनिक मल खरिदको लागि देहायअनुसार अनुदानका कार्यक्रम संचालन गरेको छः
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>कार्यक्रमको नाम</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>०७/२८/२०७८</td><td>१४७</td><td>रसायनिक मल वितरण</td><td>हरियाली कृषि सहकारी संस्थालाई भुक्तानी</td><td>२५१६५०</td></tr>
<tr><td>०९/२२/२०७८</td><td>३१२</td><td>रसायनिक मल वितरण</td><td>हरियाली कृषि सहकारी संस्थालाई भुक्तानी ।</td><td>८७,८५०</td></tr>
<tr><td>०३/१९/२०७९</td><td>७९९</td><td>रासायनियक मल खरिद अनुदान</td><td>गौरिशंकर साना किसान कृषि सहकारी संस्थालाई रासायनिक मल बितरण कार्यको लागि अनुदान</td><td>३५००००</td></tr>
<tr><td>११/१२/२०७८</td><td>४५५</td><td>मल खरिदको लागि चक्रिय कोष दर्शनढुंगा महिला समूह</td><td>दर्शन ढुङ्गा महिला कृषि समुहलाई चक्रिय कोष संचालनको लागि रकम भुक्तानी गरेको ।</td><td>१०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>७८९५००</td></tr>
</table>
यस संवन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः
वडा नं १० को कार्यक्रम अन्तर्गत हरियालीकृषि सहकारी संस्थालाई भौ नं १४७ तथा ३१२ वाट रु ३३९५००। भुक्तानी
</td><td>५४,६९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको छ।करीव २५ मे टन मल वितरण भएकोमा वितरणको भर्पाइ हेर्दा ८ आना देखि १५ रोपनी भएको जग्गाको धनी प्रत्येकलाइ १/१ वोरा मल अनुदानमा दिएको छ। जग्गाको क्षेत्रफलको आधार र लगाउने खेतीको क्षेत्रफललाइ आधार वनाएर अनुदान दिनुपर्नेमा एकमुष्ट रुपमा वरावर हुने गरी अनुदान दिनु उचित देखिएन। वितरणको भर्पाइमा कुनै कुनै सुकुम्वासी उल्लेख भएकोमा जग्गा लिजमा लिएको प्रमाण वेगर पनि अनुदान दिएको देखिन्छ। अनुदानको सदुपयोग सम्वन्धमा वडाले आवश्यक ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।
• वडा नं १२ को कार्यक्रम अन्तर्गत गौरिशंकर साना किसान कृषि सहकारी संस्थालाई रासायनिक मल बितरणकार्यको लागि भौ नं ७९९ वाट रु ३ लाख ५० हजार अनुदान दिएको छ। जसमा वितरणको भर्पाइ हेर्दा वडावाट आधा वोराको लागि रु ५००। मात्र अनुदान दिएको र प्रत्येक आधा वोरामा रु ७२५। कृषकको योगदान भएको देखिन्छ। उक्त वितरणको भर्पाइ अनुसा कुल ७०० जना प्रत्येकलाइ आधा आधा वोराको दरले वितरण गरेको देखिएकोमा प्रत्येकको १२२५। को दर (पालिकाको योगदान रु ५००। तथा रु ७२५। कृषकको योगदान) ले कुल रु ८५७५००। को रासायनिक मलको विल हुनुपर्नेमा रु ७२३५०६। को मात्र विल भएकोले वाँकी रु १३३९९४। को थप विल पेश हुनुपर्ने अन्यथा कृषकको योगदान कट्टा गर्दा रु कुल रु १३३९९४। को विलको आनुपातिक हिसाव गर्दा रु ५४६९१। वढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु .. ५४६९१
• मलखरिदको लागि चक्रिय कोष दर्शनढुंगा महिला समूहलाइ भौ नं ४५५ वाट रु १ लाख भुक्तानी गरेको छ। चक्रिय कोष अन्तर्गत ऋण परिचालन हुने उक्त भुक्तानीको उद्देश्य अनुरुप कार्य हुनुपर्ने शुनिश्चितताको लागि प्रभावकारी अनुगमन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>उपभोक्ता समितिको खर्चमा मुअकर विजक नभएको:
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु २० हजार भन्दा वढीको भुक्तानीमा मुअकर विजक पेश गर्नुपर्ने उल्लेख छ भने पालिकाले उपभोक्ता समितिसँग संझौता गर्दा समेत रु २० हजार भन्दा वढीको विलमा मुअकरमा दर्ता भएका विल प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। सो विपरित विभिन्न उपभोक्ता समितिले देहायका फर्मलाइ कुल रु १ करोड ८३ लाख २७ हजार भुक्तानी गर्दा मुअकरमा दर्ता नभइ स्थायी लेखा नं मात्र लिएका र प्यान विल जारी गरेका देहायका फर्मको विल पेश गरेको देखिन्छ। विशेषतः ढुंगा, गिट्टी, वालुवा, सामग्री आपुर्ति आदिको विल प्यान विल भएको देखिएकोले कानूनमा भएको व्यवस्थाको पालना गरी मुअकर विजक पेश गराउनुपर्ने देखिन्छ।
<table>
<tr><th>फर्मको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम (रु</th><th>कर कट्टी रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>हजारमा)</td><td></td></tr>
<tr><td>बेला सप्लायर्स, ६१५२४१९१७</td><td>विभिन्न १३ उपभोक्ता समितिले यस फर्मको प्यान विल राखेका</td><td>१८५१</td><td>२७,७७२</td></tr>
<tr><td>न्यु कालीदेवी ढुवानी सेवा, ६१३९१८८६६</td><td>विभिन्न १० उपभोक्ता समितिले यस फर्मको प्यान विल राखेका</td><td>२३०५</td><td>३४५७२</td></tr>
<tr><td>हुमागाई सप्लायर्स, ३०४२९८२६२</td><td>विभिन्न उपभोक्ता समितिले यस फर्मको प्यान विल राखेका</td><td>१७५७</td><td>२६३५५</td></tr>
<tr><td>काशीखण्ड निर्माण सामाग्री सप्लायर्स , ६१५६५३७५४</td><td>विभिन्न उपभोक्ता समितिले यस फर्मको प्यान विल राखेका</td><td>२८९३</td><td>४३३९७</td></tr>
<tr><td>न्यु सेती देवी सप्लायर्स , ६१६१३२०९४</td><td>अघोरी बाबा मार्ग मन्दिर तथा ट्रस निर्माण उपभोक्ता समिति लगायतका उ स ले यस फर्मको प्यान विल पेश गरेका।</td><td>२४७२</td><td>३७,०८४.००</td></tr>
<tr><td>न्यू दिपलक्ष्मी सप्लायर्स , ६०१०८९१८९</td><td>कालिदेवी मन्दिर निर्माण उपभोक्ता समिति धु न पा १ लगायतका उ स ले यस फर्मको प्यान विल पेश गरेका।</td><td>६३७१</td><td>९५,५५९</td></tr>
<tr><td>न्यू दक्षिणकाली सप्लायर्स , ६०८०९९३०५</td><td>शाहीटोल वाल तथा गणोशस्थान बाटो निर्माण उपभोक्ता समिति धु न पा ५ लगायतका उ स ले यस फर्मको प्यान विल पेश गरेका।</td><td>६७७</td><td>१०,१६२</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१८३२७</td><td>२७४,९०१</td></tr>
</table>
यस सम्वन्धमा छलफल गर्दा लागत अनुमान तयार गर्दा स्थानीय सामग्रीमा मुअकर थप नगरेको जनाएको छ तर मुअकर योग्य सामग्रीको प्रयोगमा मुअकर विजक संलग्न गरी भुक्तानी गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>
वितरणमुखी खर्च अन्तर्गत फर्निचर खरिदको लागि अनुदानः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक, जनताको जीवनस्तरमा सुधार, आर्थिक विकास र गरिवी निवारण हुने तथा प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । जस अनुसार दिगो प्रतिफल प्राप्त हुने तथा जनताको जीवनस्तरमा सुधार हुने जस्ता दिर्घकालिन योजना लागू गर्नुपर्नेमा देहायका सहकारी संस्था, यूवा क्लव तथा चर्च आदिलाइ फर्निचर खरिदको लागि रकम अनुदान दिएको छ। प्रतिफल विहिन यस्ता योजनामा वजेट विनियोजन नगर्ने गरी वजेट तयार तथा सो को कार्यान्वयन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौ. नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२३७</td><td>देविटार कृषि सहकारी संस्था फर्निचर</td><td>महेन्द्र राउतलाई फर्निचर खरिद तथा जात्रा पर्व संचालन कार्यको रकम भुक्तानी ।</td><td>११५,०२५</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	खरिद		
२३८	चौतारा कृषि सहकारी संस्था फर्निचर खरिद	आकास जनरल सप्लायर्सलाई बिलको रकम भुक्तानी ।	९९,९५९
४०७	सुनौलो देविटार युवा क्लव फर्निचर खरिद	आकास जनरल सप्लायर्सलाई फर्निचर खरिद कार्यको रकम भुक्तानी ।	१००,०००
५२१	दलितको चर्च लागि सामाग्री खरिद	अनुग्रह मण्डली देविटारलाई सामाग्री खरिदको रकम भुक्तानी ।	१००,०००
१५६	साना तथा आकस्मिक योजना	युवा शक्ति युवा क्लबलाई फर्निचर लगायतमा खर्च गर्ने गरी कार्यालय व्यवस्थापन खर्चमा भुक्तानी	१२००००
२२२	मिलन दुग्ध सहकारी संस्था कार्यक्रम	मिलन दुग्ध सहकारी संस्था लि लाइ प्रिन्टर, फर्निचर लगायत सामग्री खरिदको लागि अनुदान	९७०००
२३८	चौतारा कृषि सहकारी संस्था फर्निचर खरिद	चौतारा कृषि सहकारी संस्थालाइ फर्निचर तथा प्रिन्टर खरिदको लागि आकाश जनरल सप्लायर्सलाइ भुक्तानी	९९९५९
२३७	देविटार कृषि सहकारी संस्था लाइ फर्निचर	देविटार कृषि सहकारी संस्था लाइ फर्निचर खरिदको लागि वडा सचिव महेन्द्र राउतलाइ भुक्तानी	१०००००
	जम्माः		**८३१,९४३**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९०			**मु.अ. कर कट्टी नभएको:**	५४६,७३२

मु.अ. कर कट्टी नभएको:

मूल्य अभिवृद्धि कर नियमावली२०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनोटको आधारमा हेर्दा कार्यालयले देहायका काममा मु.अ. कर कट्टा नगरी सवै रकम सम्वन्धीतलाइ भुक्तानी गरेकोले निजहरुवाट कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु .

भौ नं	मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मुअकर रकम
७९४	२०७९/०३/१७	रियोना इन्टरप्राजेज	७१४४४२	८२१९२
७९५	२०७९/०३/१८	वेब लिङ्क आइटी सोलुसन	७५७४२९	८७१३८
७६८	२०७९/०३/२५	वेब लिङ्क आइटी सोलुसन	५७००८५	६५५८५
८६८	२०७९/०३/२५	डि वि कन्सल्टेन्ट्स प्रा लि	४७४७१३	५४६१३
	अन्तर सरकारी अख्तियारीः			
२९	२०७९/०३/३०	आरम्भ अटो वर्क्स	३८४९००	४४२८१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>इन्फर्मेशन टेक्नोलोजि ब्रिज नेपाल प्रा लि</td><td>८७५७९४</td><td>१००७५५</td></tr>
<tr><td></td><td></td><td>माइक्रोन इन्फोसिस</td><td>९७५०००</td><td>११२१६८</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>४७५२३६३</td><td>५४६७३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>
कन्टिन्जेन्सी खर्चः
पालिकाले अन्तरसरकारी अख्तियारी अन्तर्गत एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको भौ नं २९ वाट रु २५७३८५७। कन्टिन्जेन्सी खर्च गरेको छ। जसमा मुख्य खर्चको विवरण देहायअनुसार रहेको छ। कन्टिन्जेन्सीवाट रु १८,५०,७९४। को ल्यापटप, प्रिन्टर, मनिटर, डिजिटल क्यामरा आदि सामान सोझै खरिद गरेको छ। प्रतिस्पर्धा सुनिश्चित हुने गरी सामान खरिद गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>भुक्तानी पाउनेको नाम</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>आरम्भ अटो वर्क्स</td><td>मोटरसाइकल</td><td>३८४९००</td></tr>
<tr><td>इन्फर्मेशन टेक्नोलोजि ब्रिज नेपाल प्रा लि</td><td>ल्यापटप, क्यामेरा आदि</td><td>८७५७९४</td></tr>
<tr><td>माइक्रोन इन्फोसिस</td><td>प्रति थान रु १२१८७५। को ८ थान डेल मनिटर</td><td>९७५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>
सिसिटिभि जडान कार्यः
पालिकाले यस कामको लागि देहायअनुसार काम गरी भुक्तानी गरेको छः
<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७९४</td><td>२०७९/०३/१७</td><td>रियोना इन्टरप्राजेज</td><td>७१४४४२</td></tr>
<tr><td>७९५</td><td>२०७९/०३/१८</td><td>वेब लिङ्क आइटी सोलुसन</td><td>७५७४२९</td></tr>
</table>
माथि उल्लेखित कार्य मध्ये रियोना इन्टरप्राजेजवाट रु ७ लाख १४ हजारको ३१ थान सि सि टिभि खरिद गरेको देखिन्छ भने वयब लिङ्क आइटी सोलुसनवाट रु ७ लाख ५७ हजारको सि सि टि भि जडानको लागि नेटवर्किङको काम भएको देखिन्छ। सिसिटिभि र सो को नेटवर्किङको काम प्रतिस्पर्धा गराइ एकै प्याकेजमा गर्न सकिनेमा नगरि सोझै अलग अलग फर्मवाट गराएको देखिन्छ। प्रतिस्पर्धा सीमित नहुने गरी प्याकेज वनाइ खरिदका काम गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>साथै पालिकाले हालसम्म ६५ वटा सि सि टि भि जडान गरेको जनाएको छ। उक्त सि सि टि भि को क्षमता १५ दिनसम्म सुरक्षित रहने जनाएको छ। CCTV जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ मा सि सि टि भि वाट खिचेका दृष्यहरु कम्तिमा ३ महिना सम्म सुरक्षित हुने गरी राख्नुपर्ने उल्लेख भएकोमा पालिकाले उक्त व्यहोरा अनुसरण गरेको छैन। कार्यविधिमा भएको उपरोक्त व्यहोराको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>खर्च शिर्षक फरक पारी खर्चः
एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले पालिकाको पूजीगत शिर्षकवाट खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसारको रकम फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो। पालिकाले वजेट वनाउदा नै शिर्षक फरक परेकोले भुक्तानी पनि सोही शिर्षकवाट गर्नुपरेको जनाएको छ। शिर्षक मिलान नगरेको कारण तलव भत्ता समेत पुँजीगत शिर्षकवाट भुक्तानी भएको देखिन्छ। वजेट वनाउने वेलामा विशेष ध्यान दिइ खर्च शिर्षक मिल्ने गरी तयार गर्नुपर्दछ।
<table>
<tr><th>खर्च गरेको शिर्षक</th><th>खर्च गर्नुपर्ने शिर्षक</th><th>विवरण</th><th>गो.भौ. नं.</th><th>रकम</th></tr>
<tr><td>अन्य विभिन्न योजनाको भुक्तानी</td><td>फर्निचर</td><td>उड प्यालेस इन्टेरियल एण्ड फर्निचरलाई फाइल क्याविनेट लगायतको खर्च</td><td>२५</td><td>४९७७३४</td></tr>
<tr><td>३११५९</td><td>चालु खर्च शिर्षक</td><td>दलित उत्थान कार्यक्रम, यूवा स्वरोजगार कार्यक्रम आदि चालु प्रकृतिका खर्चहरु पुजीगत शिर्षकवाट भएको ।</td><td></td><td></td></tr>
<tr><td>३११५९</td><td>चालु खर्च शिर्षक</td><td>वालज्योति आ वि लाइ भुक्तानी, दरवन्दी वाहिरको निजी श्रोतका ३ शिक्षकलाई तलव वापत मासिक रु ११ हजारको दरले ७ महिनाको तथा ५५ सय चाडपर्व वापत समेत, २०७९ श्रावण देखि माघ सम्मको तलव माग तर भुक्तानी भने असोजमै, तलव खर्च समेत पुजीगतवाट भुक्तानी</td><td></td><td>२४७५००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३११५९ | चालु खर्च शिर्षक | सेतिदेवी मा वि धुलिखेललाइ ३ कर्मचारीको तलवको लागि भौ नं ३६१ वाट रु ७५०००। अनुदान | ३६१ | ७५०००	
९४			**आन्तरिक लेखापरीक्षण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्र्यौट भएको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ ।	
९४.१			• **उपभोक्ता समितिः** धुलिखेल नगरपालिकाले नगर सभा वाट उपभोक्ता समिति संग सम्वन्धीत योजना संचालन कार्यविधि वनाई लागु गरेको छ । उक्त कार्यविधीले उपभोक्ता समिति सम्वन्धी विभिन्न व्यवस्थाहरु गरेको भएता पनि उक्त कार्यविधिले गरेका सवै व्यवस्थाहरुको पालना भएको छैन । कार्यविधिले दोस्रो चौमासिक भित्रमा उपभोक्ता समिति गठन गरी संझौता गरि सक्नु पर्ने व्यवस्था गरेता पनि उक्त व्यवस्थाको पालना भएको छैन । आयोजना सम्झौता पश्चात विभिन्न चरणमा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समितिलाई अभिमुखीकरण तालीम संचालन गरेको छैन । ३ लाख भन्दा वढीका योजना संचालन गर्दा तोकिएको विवरण सहित अनिवार्य रुपमा सूचना पाटी (Hoarding Board) राख्नु पर्नेमा सो राखेको देखिएन । • **जिन्सी सामानको सम्बन्धमाः**(क) जिन्सि निरिक्षण प्रतिवेदन वमोजिम लिलाम गर्नु पर्ने भनीएका जिन्सि सामान लिलाम गर्नु पर्ने । (ख) खप्ने जिन्सि सामानको जिन्सि खाता पाना वमोजीम सामानमा खाता पाना न उल्लेख गर्नु पर्ने ।(ग) एकै प्रकृतिको जिन्सी सामान स्पेस्फिकेशन फरक भएता पनि खातामानै स्पेसिफिकेशन लेखी एउटै जिन्सी खातामा चडाउनु पर्ने • **सवारी साधनको मर्मत र ईन्धन समवन्धमाः—** स्थानीय निकाय (आ.प्र) नियमावली, २०६४ नियम ६० को उपनियम (कख) को अनुसूची—४६ बमोजिम प्रत्येक सवारी साधनको लागि छुट्टाछुट्टै किताव खडा गर्नु पर्ने र उक्त सवारी साधन वा चल्ती मेशीनमा जे जति काम कारवाही भए गरेको छ भुक्तानी दिनु अघि यो फाराममा चढाउनु पर्ने तथा यो अनुसूची प्रत्येक सवारी वा चल्ती मेशीन प्रयोगमा रहुञ्जेलसम्म जतिसुकै वर्ष भएतापनि एउटै कितावमा राख्नु पर्ने व्यवस्था भएकोमा सो अनुसूचीको प्रयोग भएतापनी कुन मेसिन वा सवारी साधनले कति ईन्धन प्रयोग गरयो भन्ने व्यहोरा खुल्न नआएकोले उक्त अनुसूचीको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रयोग गर्नु पर्ने देखिन्छ । • कार्यालयमा कार्यरत विभिन्न कर्मचारीहरुलाई विभिन्न कार्यक्रम संचालनका लागी पेश्कि दिंदा स्विकृत वार्षिक कार्यक्रम, कार्यक्रमको वटेज सहितको स्विकृत प्रस्तावना र कार्यक्रम संचालन संचालन हुने मिति समेत एकिन गरि पेश्कि दिनु पर्ने र कार्यक्रम सम्पन्न भए पछि नियमानुसार ३५ दिन भित्र फछ्यौंट गर्ने व्यवस्था गर्नु पर्ने ३५ दिन भन्दा पछि पेश्कि फछ्यौंट गर्ने कर्मचारी संग नियमानुसार जरिवाना लिनु पर्ने कानुनी व्यवस्थाको पूर्ण पालना गर्नु गराउनु पर्ने देखिन्छ । • नगरपालिका वाट संचालित विभिन्न वार्षिक योजना तथा क्रमागत योजनाहरुको योजनागत नापी किताव राख्ने गरेको नदेखिएकोले उक्त योजनाहरुको योजना गत नापी किताव अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नु गराउनु पर्ने देखिन्छ । • कार्यालले गैर सरकारी संस्थावाट कार्य गराउंदा खरिद ऐनको दफा ४६ वमोजिम उक्त कामको आवश्यकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ति, कार्य संचालनको विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गर्नु पर्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम ७० वमोजिम मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थावाट प्रस्ताव माग गरी कार्य गराउनु पर्ने देखिन्छ । • वडा कार्यालयमा प्रयोग हुने विभिन्न नगदी रसिद र डोर हाजीर को नियन्त्रण गर्नका लागी नगदी रसिद नियन्त्रण खाता र डोर हाजीर नियन्त्रण खाताको प्रयोग गर्नु पर्ने देखिन्छ । • आन्तरिक आम्दानी लाई प्रभावकारी वनाउन मासिक राजश्वको लक्ष्य तोकि सोही वमोजीम असुली कार्य योजना वनाई आन्तरिक आम्दानी लाई सवल वनाउनु पर्ने देखिन्छ । • कार्यालयले विगत देखि प्रत्येक वर्ष विभिन्न परिमाणमा सिसि क्यामरा खरिद गरि विभिन्न स्थानमा जडान समेत गरी सोको निगरानी जिल्ला प्रहरी कार्यालय वाट गर्ने गरेकोमा विगत देखी हाल सम्म के कति वटा र कुन गुणस्तरका सिसि क्यामरा खरिद भए र उक्त क्यामराहरु यस न.पा. भित्रका कुन कुन स्मारक, राजमार्ग, पार्क वा सार्वजनिक स्थानमा प्रयोग भयो सोको सन्जाल समेत खुल्ने नक्सांकन र विवरण समेत उल्लेख गरि राख्नु पर्ने देखिन्छ । • नगरपालिका वाट संचालित विभिन्न वार्षिक योजना तथा क्रमागत योजनाहरुको योजनागत नापी किताव राख्ने गरेको नदेखिएकोले उक्त योजना कहिले देखि संचालनमा आयो, योजना वार्षिक हो वा क्रमागत हो, उक्त योजनामा कुन ठाउंमा के कति काम कहिले भयो, योजनामा के कति रकम खर्च भयो, योजनाको विगतको अवस्था र हालको अवस्था के कस्तो छ भन्ने विवरण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			उपलव्ध हुन कठिनाई भएकोले नगरपालिकावाट क्रमागत वा वार्षिक रुपमा संचालन गरिनि योजनाहरुको नापी किताव अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नु गराउनु पर्ने देखिन्छ ।	
९४.२			असुल गर्नुपर्नेः तपसिलबमोजिम बढी भुक्तानी भएकोले असुल दाखिला हुनुपर्ने रु.	१८९,९९३

वेरुजुको व्यहोरा	भुक्तानी पाउनेको नाम	रकम
साना तथा आकस्मिक योजना अन्तर्गत वडा नं २ वाट कोटेशनको माध्यम वाट जेसिविले वाटो मर्मत गरेको प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन रु. ३,३७,७१६।०० भएकोमा निर्माण व्यावसायी शुभ प्रभात कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई रु. ३,४८,०६९ भुक्तानी भएकोले मूल्यांकन भन्दा वढी भुक्तानी भएको रु.	शुभ प्रभात कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	१०,३५३
दारिमवोट काभ्रे खानेपानी योजना धु.न.पा. ९ का लागी रु. १५,०००००।०० न.पा. वाट उ.स.का. लागत सहभागीता रु. २,९६,०००।०० समेत जम्मा रु. १७,५१,०००।०० (कन्टेन्जेन्सी वाहेक) वजेट वाट कार्य गर्न रु. १७,९१,०७३।१७ को लागत अनुमान तयारी भई रु. १६,६५,९५१।२५ को अन्तिम मुल्यांकन भएकोमा कार्यालयवाट अन्तिम भुक्तानी हुंदा रु. १६,८२,९०२।०० भुक्तानी भएकोले अन्तिम मुल्यांकन भन्दा वढी भुक्तानी भएको रु.		१६,९५१
वडा नं ९ सडक वति जडान कार्यका लागी कोटेशनका माध्यम वाट खरिद गर्न रु. १,९३,५५२।०० को लागत अनुमान तयार भई संझौता भएको र सोही वमोजीम रु १,९३,२९७।८० को मुल्यांकन र कार्य सम्पन्न भएकोमा रु. १,९९,६००।०० भुक्तानी भएकोले संझौता र अन्तिम मुल्यांकन भन्दा वढी भुक्तानी भएको रु.		६३०२
पूर्वाधार लागत साझेदारी कार्यक्रम (६०/४०) अन्तर्गत वडा नं २ नारेगौडा सडक निर्माण योजनामा रु. १५,०२,३६०।०० को लागत अनुमान तयार भई न.पा. वाट रु. ९,०००००।०० र उपभोक्ता समितिवाट रु ६,०२,३६०।०० व्यहोर्ने गरि न.पा. कार्यालय र		२१,८०४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			उपभोक्ता समिति विच मिति २०७८।१०।०५ मा संझौता भएकोमा यस कार्यालयवाट मिति २०७९।३।६ मा उपभोक्ता समितिलाई ४०% लागत सहभागीता जुटाउन कठिनाई भएकोले उ.स.को लागत सहभागीता २०% कायम गराई कार्यालयले ८०% भुक्तानी गर्ने निर्णय भएकोमा उक्त योजनाको अन्तिम मुल्यांकन रु. ९,०८,४४६।०० भएकोले उक्त रकमको ८०% ले हुन आउने रकम रु. ७,२६,७५६।०० भुक्तानी हुनु पर्नेमा रु. ७,४८,५६०।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.			
			पुर्कुटी टोल सडक निर्माणका लागी कन्टेन्जेन्सी वाहेक रु. ११,७०,१९५।०० को लागत अनुमान तयारी भई न.पा. वाट रु. ९,७०,०००।०० र उ.स.को नगद सहभागीता रु. २,००,२००।०० समेत वाट योजना संचालन गर्न संझौता भई योजनाको कार्य भएकोमा उपभोक्ता समितिवाट अन्तिम कार्य सम्पन्न प्रतिवेदन र मुल्यांकन रु १०,३१,३१३।०० को भई उपभोक्ता समितिलाई रु. १०,४९,२५०।०० भुक्तानी भएकोले मुल्यांकन भन्दा वढी भुक्तानी भएको रु.		१७,९३७	
			वलमैत्री नगर घोषणा वडा नं ११ पुरस्कारको रकम वाट खेलकुद सम्वन्धी विभिन्न सामाग्री खरिद गरि रु ३,७०,०००।०० पेश्कि फछ्यौंट भएकोमा उक्त रकमको १.५% का दरले हुन आउने अग्रिम कर दाखीला नभएको रु.		५५५०	
			क्षयरोग मुक्त घोषण अभियाका विभिन्न क्रियाकलापहरु संचालन गर्न लिएको पेश्कि रकम मध्ये रु. ८,९१,०००।०० फछ्यौंट भएकोमा देहाय वमोजीम भएको देखिएको । (क) PHC/ORC मा क्षयरोग स्क्रीनिङ्ग कार्यक्रम स्थापनको रु. १,०५,०००।०० खर्च भएकोमा १५% पारिश्रमीक कर रु. ५०२५।०० दाखीला नभएको, क्षयरोग स्क्रीनिङ्ग रु. २५,५००।०० भर्पाई नभएको, खाजा स्टेशनरीको ३३,४०० को १.५% अग्रिम कर रु. ५०१।०० दाखीला नभएको । (ख) च्भनष्कतचबतष्यल त्चष्बनभ तालिम संचालनमा रु. ३,७८,०००।०० खर्च भएकोमा देहाय		५२,०२१	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वमोजमि भएको
(१) प्रशिक्षक, सहभागी र संयोजक वापत १५% कर कट्टा भएको दाखीला गर्नु पर्ने रु. १०,८००।००
(२) खाजा, स्टेशनरी, मसलन्ध वापत भुक्तानी भएको रु. ५६,०००।०० को १.५% अग्रिम कर दाखीला नभएको रु. ८४०।००
(ग) सरोकार वाल संग क्षयरोग सेवा व्यवस्थापन वापत रु. ४८,०००।०० खर्च भएकोमा पारिश्रमीक कर रु. ५३६५।०० दाखीला भएको भौचर संलग्न नभएको ।
(घ) विद्यालय नर्सलाई अभिमूखिकरण कार्यक्रम वापत रु. ४८,०००।०० भुक्तानी भएकोमा पारिश्रमीक कर वापत रु. ३९९०।०० दाखीला भौचर संलग्न नभएको ।</td><td></td><td></td></tr>
<tr><td>क्षयरोग मुक्त घोषणा अभियान अन्तर्गत गएको पेश्कि मध्ये रु. १३,४२,९००।०० फछ्यौंट भएकोमा देहाय वमोजीम भएको ।
(क) विविध खर्च र स्टेशनरी वापत रु. २,४४,३२०।०० खर्च भएकोमा सोको १.५% ले हुन आउने अग्रिम आयकर दाखीला गर्नु पर्ने रु. ३६६५।००
(ख) सवै कार्यक्रमको कुल खर्च रु. १२,८७,४९०।०० भएको देखिएकोले विल, भर्पाई भन्दा वढी पेश्कि फछ्यौंट भएको रु. ५५,४१०।००</td><td></td><td>५९०७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९४.३</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्ने बेरुजुः देहायबमोजिमको बेरुजुको तपसिलबमोजिमको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>बेरुजुको व्यहोरा</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>उच्च शिक्षा (स्नातक तह) छात्रवृति कार्यक्रमका लागी देहाय वमोजीमका सामुदायीक क्याम्पसहरु लाई देहाय वमोजीम रकम निकासा भएकोमा सो रकम वाट भएका छात्रवृती वितरण सम्वन्धी निर्णय, न.पा र क्याम्पस विच भएको छात्रवृती वितरण सम्वन्धी संझौता तथा उक्त खर्चको विल भर्पाइ संलग्न गर्नु पर्ने
(क) धुलिखेल क्याम्पस रु.७,०००००।००
(ख) संञ्जीवनी कलेज रु. ७,१८,४००।००</td><td></td><td>१४१८४००</td></tr>
</table>
</td><td>१,९६४,७१८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			शंखुपाटीचौर स्वास्थय चौकी प्रसुती केन्द्रमा आमा सुरक्षा कार्यक्रम संचालन गर्न मिति २०७९।७।१२ मा रु. १,४०,०००।०० पेश्कि उपलव्ध गराएकोमा उक्त स्वास्थ्य केन्द्रमा २०७८ श्रावण १ देखी २०७९ आषाढ मसान्त सम्ममा जम्मा १८ जना गर्भवतीले मात्र प्रसुती सेवा लिएकोले सो वापत जम्मा रु. ६६,०००।०० खर्च भई उक्त रकम मात्र पे.फ. भएकोमा वांकी रकम सम्वन्धीत राजश्व खातामा दाखीला गरि पेश्कि फछ्यौंट गर्नु पर्नेमा नगर्दै पेश्कि वांकी रहेको देखिएको रु.		७४,०००	
			हनुमान मा.वि. भवन निर्माण गर्न उपभोक्ता समिति लाई गत आर्थिक वर्षमा दिएको पेश्कि रु. १८,०००००।०० फछ्यौंट गर्दा रु. १७,९३,४९९।५२ को मुल्यांकन र कार्य सम्पन्न पेश भएकोमा गत आ.व.मा उक्त योजनाको लागत अनुमान रु. २१,८२,७०९।७४ भएकोमा उक्त योजनामा उपभोक्ता समतिको लागत सहभागीता लागत अनुमान र संझौता भन्दा घटी भएको देखिएको रु.		३,२१,१२०	
			धुलिखेल नयावस्ती सडक स्तरउन्नती M/S World wise/Sushan J/V को प्रथम रनिङ विल वापत भुक्तानी हुंदा Insurance of Labour equipment, Personnel of contractors with in contrace period वापत PS (Provision Sum) वापत रु. १,०००००।०० भुक्तानी भएकोमा एक् मा भुक्तानी भएको रकमको छुट्टै कर विजक पेश गर्नु पर्नेमा सो नभएकको रु.		१,०००००	
			धुलिखेल नयांवस्ती सडक स्तर उन्नती किशन एण्ड दृष्टी विल्डर्स प्रा.लि. प्रथम रनिङ विल भुक्तानी हुंदा क्ष्लकगचबलअभ या बिदयचक भत्रगष्ऊभलत एक् वापत रु. ५१,१९८।०० भुक्तानी भएकोमा उक्त रकमको छुट्टै कर विजक पेश गर्नु पर्नेमा सो संलग्न नभएको रु.		५१,१९८	